# अध्याय - एक

# परिचय

## १.१ भूमिका

घरमा गरिने खेती, पशुपालन, आर्थिक उपार्जनमा यस तुप्चे गा.वि.स. को वडा नं. १ मा बढी मात्रामा पुरुषहरू संलग्न रहेको देखिन्छ । कृषि र घरायसी काममा महिलाहरू बढी समयसम्म संलग्न हुन्छन् तर त्यस्तो काममा महिलाहरू वढि समयसम्म संलग्न भएर काम गरेपनि त्यसको पूर्ण रूपमा निर्णय पुरुषले गर्ने गरेको देखिन्छ । महिला विहान ४ वजे उठेर बेलुका अबेरसम्म काम गर्दछन् तर उनीहरूको कामको कुनै मूल्याङ्कन गरिदैंन । खालि त्यस्तो कामलाई उत्पादन हिन कार्यको रूपमा मात्र त्यहा उल्लेख गरेको पाइन्छ । आर्थिक उत्पादन हुने कार्यमा संलग्न नरहेको भनेर उनीहरूलाइ हेयको दृष्टिले हेर्ने गरेको पाइन्छ । जसको मुख्य कारणको रूपमा त्यस समुदायमा रहेको सामाजिक परम्परा नै हो । जुन समाजमा अझै सम्म पनि रुढीवादी सोच कायमै रहेको छ ।

घरायसी निर्णय अधिकार भन्नाले हरेक घरपरिवार भित्र रहेका आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक आदि कुराहरूमा कसको बढी आधिपत्य रहेको छ भन्ने बुझिन्छ । प्रत्येक घरभित्र रहेका स-सानादेखि ठूला कामहरूमा कसले निर्णय दिने गर्दछन् भन्ने कुरा महत्वपूर्ण हुन्छ । घर सञ्चालनका क्रममा विभिन्न किसिमका निर्णयहरू गर्नुपर्ने हुन्छ । त्यस्तो परिस्थितिमा त्यस्ता निर्णयहरू पुरूष र महिला मिलेर गर्छन् वा पुरूष एक्लै र महिलाले मात्र गर्दछन् भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ । यस निर्णय गर्ने प्रक्रियामा पनि शिक्षित र रोजगार महिला बढी सक्रिय हुन्छन् कि निरक्षर महिला बढी सक्रिय हुन्छन् भन्ने कुरा पत्ता लगाउन खोजिएको छ । जसमा निरक्षर महिलाको तुलनामा शिक्षित महिलाहरूको भूमिका बढी सशक्त हुन्छ । जहाँ एउटा भनाइ छ कि एउटा पुरूष शिक्षित भएमा केवल ऊ मात्र शिक्षित हुन्छ तर एउटा महिला शिक्षित भइन् भन्ने उसको सम्पूर्ण परिवार नै शिक्षित हुन्छ । त्यस्तै ग्रामीण महिलाहरूको तुलनामा सहरी महिलाहरूको निर्णय अधिकार बढी रहेको पाइन्छ (CWIN, 2002) ।

समय परिर्वतनसँगै त्यहाँको समाज विस्तारै क्रमैसँग विकासको पाइलातिर लम्किरहेको छ । जहाँ शिक्षित महिलाहरूको हकमा कुरा गर्दा त्यहाँ कमै मात्रामा मात्र

शिक्षित महिलाहरूको निर्णय अधिकारमा हात रहेको पाइन्छ । जसको मुख्य कारण शिक्षा नै हो । जुन परिवार शिक्षित छ । त्यस्तो परिवारमा महिलाको निर्णय अधिकारमा भूमिका रहेको छ । त्यस्ता शिक्षित महिलाहरू धेर थोर मात्रामा आर्थिक उत्पादनको कार्यमा पनि संलग्न रहेका छन । तर अशिक्षित महिलाहरू ज्यालादारी काम गर्ने गर्दछन् जसबाट प्राप्त भएको रकम पनि आफु खुशी खर्च नगरी परिवारका सदस्यहरूलाई बुझाउने गरेको पाइन्छ । जसले गर्दा उनीहरूले सामान्य कुराको किनमेल गर्न समेत अर्को भर पर्नु पर्दछ ।

समग्रमा एउटा परिवार, समाज र सिङ्गो राष्ट्रको समुनत विकासको लागि महिलाहरूलाई पनि घरको महत्वपूर्ण निर्णय गर्नको लागि अवसर उपलब्ध गराइनु पर्दछ जबकी उनीहरूले घर, परिवार, समुदाय र राष्ट्र हुँदै अन्तर्राष्ट्रिय जगतमा समेत एउटा महत्वपूर्ण निर्णयकर्ताको रूपमा उभिन सक्छन् (श्रेष्ठ, २०६०) ।

मोलमोलाईको दृष्टिकोणमा घरायसी क्रियाकलापमा सहयोग र द्वन्द्व दुवै कुराहरू समावेश हुन्छन् । घरायसी सदस्यहरूले एक अर्कामा मेलमिलापको वातावरण बनाउँछन् । यद्यपी कसले के गर्ने भन्ने कुरामा मतमतान्तर भन्ने रहेको हुन्छ । यी नतीजाहरू सम्बन्ध राख्नको लागि फाइदाजनक हुन्छन् यी मेलमिलापका नतिजाहरू कुनै एक प्रति फाइदाजनक हुन्छ भने अर्कोको नोक्सान हुन्छ । घरायसी वातावरणले महिलाको छलफल गर्ने क्षमताालाई निर्धारण गर्दछ । जस्तै नेपालका आदीबासी जनजाती महिलाहरू हरेक किसीमले आर्थिक गतिविधि र स्वतन्त्रतामा रमाउँछन् यस्तो किसिमको मान्यताले महिलाहरूले परिवार भित्र सम्पती र अधिकार खोज्ने वातावरण सृजना गर्दछ (Agrawal, 2011)।

यस समुदायमा छोरी, बुहारीलाई पूर्णरूपमा अधिकार दिनु हुन्दैन भन्ने मान्यता रहेको पाइन्छ । जसको कारणले उनीहरूले सामानको मोल मोलाइ देखि किनबेचको क्रममा पनि घरमा महिलाले भनेको कुरालाई सन्ने गर्दैनन् र उनीहरूले पोथी बास्नु हुन्दैन भन्नेर गाली समेत गर्ने गर्दछन् ।

अविकसित देशका महिलाहरू जो, पहाड, हिमाल तथा ग्रामीण इलाकामा बस्दछन् उनीहरूलाई दैनिक १८ घण्टा काम गर्न बाध्य बनाइन्छ । विश्वका कतिपय देशको सन्दर्भमा महिलाहरूलाई दोस्रो दर्जाको नागरिकको रूपमा हेरिन्छ तर थोरै मात्र देशमा

महिलाहरू पुरूषको सहयात्री रहेका छन् । तर केही देशमा कानुनले गर्दा पनि महिलाहरूले पुरूष सरह अधिकारहरू प्राप्त गरेका छैनन् (Khanal, 1999) ।

ग्रामीण क्षेत्र भएको कारणले महिलाहरू विहान ४ वजेदेखि उठेर घरको धन्दा गर्ने देखि लिएर चुलोचौको र कृषिकार्यमा समय विताउने गर्दछन् तर उनीहरूले त्यसै बेलुका ढिलोसम्म गरेको कार्यलाई आर्थिक रूपमा मूल्याङ्कन गर्दैनन् जसलाई पुन उत्पादनको कार्य समेत नभनेको पाइन्छ । जसमा उनीहरूले खाना पकाउनेदेखि परिवारका सम्पूर्ण सदस्यहरूलाई खानदिने, बाल बच्चालाई खुवाउने, सरसफाई गर्ने र अरु कार्यसमेत गर्ने गर्दछन् जसलाई रक्षाने काम भनेर होच्याउने गर्दछन् ।

समुदायमा उपलब्ध विभिन्न आर्थिक, सामाजिक र राजनीतिक स्रोतहरू र शक्तिमा महिलाहरूको पहुँच कम छ । जस्तो - जमिन, ऋणमा महिलाको पहुँच कम छ । उनीहरू जमिनमा काम गर्दछन् तर श्रमिकले जस्तै उब्जेको अन्न सीमित मात्रामा उपभोग गर्ने अधिकार भए पनि जमिनको खरिद-बिक्री र जमिन धितो राखेर ऋण लिने कार्यहरू गर्न सक्दैनन् । यसर्थ महिलाहरू र विपन्न वर्गहरू लक्षित कार्यक्रममा मात्र भर पर्न पुगेका छन् । समाजमा र परिवारमा उपलब्ध स्रोतहरू कम मात्र उपभोग गर्न पाएका छन् (महिला, कानून र विकास मञ्च, २०६१) । महिलाहरू घरभित्रको कार्यमा मात्र संलग्न भएको कारणले उनीहरूको निर्णय अधिकार कम रहेको पाइन्छ । जसमा पुरुषको दायित्व बढी हुनुको मुख्य कारण पुरुषले कमाएर ल्याउने र परिवारको सम्पूर्ण खर्च जुटाउने देखि सुरक्षादिने समेत सम्पूर्णकार्य पुरुषले गर्ने भएकोले उनीहरूको बढी अधिकार रहेको पाइन्छ ।

३० प्रतिशत भन्दा बढी नेपाली महिलाहरू बिहान चार बजेदेखि बेलुका दस बजेसम्म घरभित्र र बाहिरका काममा निरन्तर लागेका हुन्छन् । राष्ट्रिय आयमा उनीहरूको श्रम न्यून मात्रामा छ । ग्रामिण क्षेत्रका १३ प्रतिशत महिलाहरू ज्यालादारीमा काम गर्दछन् । दक्षिण एसियामा महिलाहरूको उधोगमा १८ प्रतिशत, नोकरीमा २१ प्रतिशत र सम्पतिमा १५ प्रतिशत स्वामित्व रहेको छ (FAO, 2011) ।

समयको परिर्वतन सँगै छोरीलाई पनि पढाउनु पर्दछ भने मान्यताको कारण यस समाजमा छोरी बुहारीलाई शिक्षा दिन थालेको पाइन्छ । जसले गर्दा महिलाहरू शिक्षित हुन थालेका छन् र रोजगारीको क्षेत्रमा थोरै मात्रामा संलग्न हुन पुगेका छन् । जसले गर्दा यस

ठाउँका शिक्षित महिलाहरूको निर्णय अधिकारमा थोरै संलग्नता रहन पुगेको छ जसको मुख्य कारण पुरुष प्रधान समाज र बढी मात्रामा हिन्दु धर्म मान्य ब्राम्हण जातिको बोसोबास रहनु नै हो । शिक्षित परिवारको हकमा कुरा गर्दा शिक्षित परिवारका सदस्यहरूले धेरथोर मात्रामा महिलाहरूलाई समाजिक, साँस्कृतिक कार्यमा संलग्न हुने मौका दिने गर्दछन तर अशिक्षित परिवारका सदस्यहरूले महिलाहरूलाई त्यस्तो किसिमको सामाजिक साँस्कृतिक कार्यमा संलग्न हुन नदिने गरेको पाइन्छ । यदि कोही महिला यस्तो कार्यमा संलग्न भएमा अशिक्षित व्यक्तिहरूले पोथी बासेको भन्ने गर्दछन् जसको कारण उनीहरूले महिलालाई जहिले पनि कमजोर वर्गको रूपमा केही थाहा नभएको व्यक्तिको रूपमा लिने गर्दछन् ।

नेपालको २०४६ सालको संविधान सभाको चुनावमा महिलाहरूको तर्फबाट ३२.८६ प्रतिशत संम्लग्नता भएको पाइन्छ । जसमा १९७ महिला मध्य ६ जना महिलामात्र मनोनित भएका थिए जसले के देखाउँछ भन्ने नेपालमा महिलाको राजनीतिमा समेत सम्लग्नता अत्यन्त न्यून छ । संसारमा सम्सद्मा नेपालका महिलाहरू १४ औं स्थानमा पर्दछन् । जसको मुख्य कारण पितृसत्तात्मक संरचनानै हो । जसमा महिलाको ३३ प्रतिशत सम्लग्नता छ ( केन्दिय तथ्याङ्क विभाग,२०११) ।

नेपाल लामो समयदेखि अर्धसामन्ती र अर्ध औपनिवेशिक अवस्था पार गरी नसकेको एउटा सानो मुलुक हो । अर्धसामान्तिक र अर्धऔपनिवेशिक समाज भन्नाले पूर्ण रूपमा आफूमा अधिकार नरहेको र सम्पूर्ण निर्णयको लागि अरुमा भर पर्नुपर्ने भन्ने बुझिन्छ । यहाँको समाजमा पनि महिलाहरूले पूर्ण रूपमा पुरुषको भर पर्नुपर्ने र उनीहरूले आफ्नो सो इच्छा अनुसारको कार्य गर्न नपाउनु नै हो । देशको भौगोलिक विकटता, जाति, धर्म, संस्कृति, परम्परा, अन्धविश्वास आदिले पनि महिलाहरूलाई पुरूष सरह कुनै पनि क्षेत्रमा अवसर दिइएको पाइदैन । पुरूष प्रधान वा पितृसत्तात्मक सामाजिक संरचनाले अधिकांश महिलालाई दोस्रो दर्जाको नागरिकको रूपमा व्यवहार गर्दै आएको पाइन्छ । यसरी एकातिर हाम्रा सामाजिक, धार्मिक, परम्परा र अन्धविश्वासका कारण महिला माथि पक्षपातपूर्ण व्यवहार छ । अर्कोतिर महिलाको पैतृक सम्पत्तिमा हक छैन । बाबु दाजुभाइको निगरानीमा प्राप्त दाइजो वा सेवामा चित्त बुझाउनु पर्ने परम्परागत सोचबाट समाज मुक्त हुन सकेको छैन । सहरी क्षेत्रका सीमित महिलाहरू अगाडि आउन सके पनि ग्रामीण क्षेत्रको महिला अगाडि बढ्न सकेका छैनन् । त्यस्तै श्रमका आधारमा भन्ने हो भने ग्रामीण क्षेत्रका

महिलाहरू दिनमा १८ घण्टा काम गरेर आर्थिक क्रियाकलापमा संलग्न रहे पनि उनीहरूको त्यस माथि निर्णय अधिकार वा स्वामित्व रहँदैन । यसको मुख्य कारण पितृसत्तात्मक समाज, परम्परागत मूल्य र मान्यता चेतनाको कमी, साधन स्रोतमा महिलाको पहुँच नहुनु नै हो ( मिश्र, २०६३) ।

महिलाको सामाजिक, आर्थिक अवस्थाले सामाजिक भूमिकामा असर पार्दछ । महिलाहरूको न्यून स्तर भएमा उनीहरूको क्षमता र सम्भाव्यतालाई कुनै महत्व दिइदैन । महिलाहरू कम मात्रामा शिक्षित भएकोले उनीहरूको निर्णय अधिकारमा कम भूमिका रहन्छ । त्यस्तो महिला जसले शिक्षा हासिल गरेका र खान्दानी परिवारबाट आएका छन् । उनीहरूको निर्णय अधिकारमा बढी मात्रामा सम्भावना रहन्छ । त्यस्ता शिक्षित महिलाको सामाजिक, आर्थिक, धार्मिक लगायत अन्य क्रियाकलापको निर्णय अधिकारमा सहभागिता पाइन्छ । त्यस्तो कमै परिवार छ जसमा घरमूली महिला भएर सञ्चालन गरिएको जनगणना २०११ को केन्द्रीय तथ्याङ्कबाट हेर्दा जम्मा १८.०२% घर परिवार मात्र महिलाबाट सञ्चालित भएको देखिन्छ ।

यदि धनी परिवारको बुहारी भित्राएमा परिवारका सबै सदस्यले त्यस महिलाले भनेको कुरालाई पालन गर्दछन् जस्तै एउटा गरिब परिवारमा ग्यास छैन उनीहरू पहिला दाउरा खोजेर खाना पकाउने गर्दथ्थे तर एउटा धनी परिवारको केटी बुहारीको रूपमा आइन र उनले त्यो कालो भाँडा माझ्न सक्दिन भन्ने परिवारका सदस्यले ग्यासमा खाना पकाउन थाल्दछन्  जसले गर्दा शिक्षित र खानदानि परिवारबाट आएका महिलाहरूले आफ्नो गाउँमा र  घरमा केही परिर्वतन गर्दछ । एउटा शिक्षित महिला गाउँमा आए पछि उसले गाउँका अरु दिदि बहिनीलाई सरसफाइदेखि लिएर शिक्षा समेत दिएर साक्षर बनाउने प्रयास गर्दछिन । शिक्षित महिलाले आफ्नो निर्णय अरुलाई प्रस्तुत गर्न सक्दछिन जसलाई सुरुसुरुमा अरुले विश्वास नगरेको समय वित्दै जाँदा उनीहरूले उसले भनेको कुरालाई राम्रो मान्दै आएर आज भोलि स्विकार गर्ने गरेको पाइन्छ ।

### १.२ समस्याको कथन

जब कामदार पूर्ण रूपमा घरभित्र रहन्छ उसको योगदान अदृश्य रहन्छ । कृषि लगायत घरभित्रका विभिन्न क्रियाकलापमा सहभागी हुने गर्दछन् । जस्तै : बच्चा स्याहार्ने,

खाना पकाउने, लुगा धुने, सफा गर्ने आदि महिलाको त्रिपक्षीय भारी कार्यलाई आर्थिक गणना गरिदैन त्यसैले उनीहरू पछि पर्दछन् । यस्तो किसिमका कार्यलाई गहिरिएर राष्ट्रिय स्तरको विकासका प्रक्रियामा लेखा जोखा गरिनु पर्ने देखिन्छ । नेपालको महिलाहरू प्रत्येक क्षेत्रमा पछि परेको पाइन्छ । जस्तै स्वास्थ्य, शिक्षा, आर्थिक, कानुनी, रोजगारी र राजनीतिक आदि । सहरीया महिलाहरूको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरू र शिक्षित महिलाहरूको तुलनामा निरक्षर महिलाहरूको निर्णय अधिकार लगायता सम्पूर्ण शिक्षा, स्वास्थ्य र आर्थिक क्षेत्रमा कम पहुँच रहेको छ । यसै समाजमा रहेको शिक्षित अशिक्षित महिलाले गर्ने निर्णय नै हो जसको कुरा त्यस स्थानको अध्ययनको क्रममा पत्ता लागेको छ । नेपालको सन्दर्भमा कुरा गर्दा एउटा त्रि.वि. जस्ता संस्थामा आजसम्म पनि एउटा महिला उपकुलपति हुन सकेका छैन । जसको कारण महिलाको निर्णय अधिकार पूर्ण रूपमा परिवर्तन भएको छैन (Uday, 2002) ।

मानव विकास प्रतिवेदन सन् २००१ ले नेपाल राज्यको लैङ्गिकता विकास सूचाङ्क क्रमशः समानतातिर अघि बढ्दै छ भनी उल्लेख गरेको छ तापनि लैङ्गिकताको आधारमा हुने विभेदले महिलाहरूलाई पैतृक सम्पत्तिमा, अङ्श अपुताली मोहियानी हक तथा अन्य सम्पत्ति सम्बन्धी कानुनका थुप्रै भेदभावपूर्ण व्यवस्थाले पुरूष प्रति आर्थिक परनिर्भता रहनु परेको छ । महिलाहरूको श्रमशक्ति मध्ये ८९% कृषिमा आबद्ध रहेका छन् तर कुल कृषि योग्य भूमिकाको ५% माथि मात्र महिलाको स्वामित्व रहेको छ । यी कारणबाट पनि समाजमा महिलाको आर्थिक स्थिति कमजोर र सधैँ पराजित रहेको हुन्छ । पुरूष वर्गलाई आफ्नी स्वास्नी जीवित छँदै वा लोग्ने स्वास्नी बीच सम्बन्ध विच्छेद नगर्दैको अवस्थामा समेत अर्को विवाह गर्न छुट प्रदान गरी कानुनतः प्रतिबन्धिकत बहु विवाहलाई प्रोत्साहित गरेको छ (संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, २००१) ।

वास्तवमा महिलाहरू समाजमा अत्याचार, दमन सहन बाध्य छन् । तिनीहरू निर्णय अधिकारका सबै क्षेत्र लगायत विकासका क्रियाकलापहरूमा समेत पछि परेका छन् । महिला र पुरूषलाई बाँच्नको लागि समान अधिकार छ । तर सामाजिक न्यायको आधारमा महिलाको निर्णय अधिकार कम छ । जसले के देखाउँछ भन्ने महिलाको घरायसी लगायत सामाजिक निर्णय अधिकार पनि कम रहेको छ । निर्णय अधिकार एउटा महत्वपूर्ण पक्ष हो जसले परिवारका सदस्यहरूको सम्बन्धलाई नाप्न सहयोग गर्दछ । महिलाको महत्वपूर्ण

क्षेत्रमा अधिकार हुँदाहुँदै पनि उनीहरूको निर्णय अधिकारमा अवरोध रहेको पाइन्छ । पुरूषको घरभित्र लगायत घरबाहिर पनि निर्णय अधिकारमा मुख्य भूमिका रहन्छ । पुरूषले महिलालाई निर्णय गर्ने बेलामा सोध्ने गर्दछ तर पछि उसले आफ्नै मात्र निर्णय लागु गर्दछ । तर थोरै मात्र महिलाको निर्णय अधिकारमा आधिपत्य रहेको पाइन्छ । मानव विकास अनुसार विकसित महिलाहरू र पुरूषहरूलाई समान अधिकार प्रधान गर्नु नै सामाजिक न्याय हो र समस्याको निकास पनि हो । यसो गरेमा दिगो र सम्बृद्ध समाजको निर्माण हुन्छ । महिला सशक्तिकरण महिला र पुरूष बीच समानता नै राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक र वातावरणीय सबै क्षेत्रका पूर्वाधारहरू हुन् (Beijing, 1995) । महिलालाई विकासको मूलधारमा वा विकास क्रियाकलापमा सहभागी गराएमा विकास लगायत अरु क्रियाकलाप सम्भव हुन्छ र सामाजिक र राष्ट्रिय विकास गर्न सकिन्छ ।

नेपालको कानुनले महिलाहरूलाई पुरुष सरह सम्पत्तिको स्वामित्व र बच्चाहरूको नागरिकता समेत आमाको नामबाट बनाउने अधिकार दिएको छ । तर त्यो कुराले यस तुप्चे गा.वि.स. वडा नं. १ को बासिन्दामा कुनै पनि प्रभाव नपारेको पाइन्छ । जसमा यहाँ आमाको नामबाट नागरिकता लिने व्यक्ति भेटिन्दैन जसको कारण अशिक्षा नै रहेको पाइन्छ र त्यहाँका अशिक्षित महिलाहरूलाई कानुनको पूर्ण जानकारी नरहेको देखिन्छ ।

लिन बेनिटको Dangerous wives & Sacred sisters नामको पुस्तकमा शुद्धतालाई हिन्दु धर्ममा निकै उच्च स्थान दिइन्छ भन्ने कुराको व्याख्या गरेको पाइन्छ । हिन्दु धर्ममा महिलालाई शुद्धता र अशुद्धताको वाहकका रूपमा हेरिन्छ । महिलालाई सधैंभरि शुद्ध राख्न उनको यौनाभ्यासमा नियन्त्रण हुनुपर्ने कुरा उल्लेख गरिएको छ । विवाह गर्नु अघि वा कुमारी छोरीको माइतमा उच्च स्थान हुन्छ उनलाई सबले पुज्दछन् जीवित देवीको रूपमा तर विवाहपछि श्रीमानको घरमा भने नारीलाई अशुद्धताको कसीमा मापन गरिन्छ ।

यस स्थानमा महिनावारी हुनु अघि छोरीलाई देवीको रूपमा पुजा गर्ने गरेको पाइन्छ । तर महिनावारी भएपछि पहिलो पल्ट महिनावारी भएपछि घरभित्र लुकाएर राख्ने, घाम, घरको धुरी, बुबा र दाजु भाईलाई हेर्नु हुन्दैन भनेर अरुको घरमा लगेर लुकाएर ७ दिन सम्म राख्ने चलन छ । जहाँ ७ दिनपछि गोदाम गरेर मात्र छुन पाउने चलन छ जसको मुख्य कारण महिनावारी भएपछि महिलालाई अशुद्ध मान्ने परम्परागत सोच नै हो ।

जसको माध्यमबाट त्यहाँका महिलाको अवस्था कस्तो छ थाहा पाउन सकिन्छ । केके कारणले गर्दा महिलाको निणर्य अधिकार कम रहेको छ भन्ने कुरा पत्ता लगाउन यस अनुसन्धानले मद्धत गर्दछ र त्यस्ता किसिमका कमि कम्जोरी हटाई त्यसमा सहभागी र्गनको लागि पहल गर्न सजिलो हुन्छ ।

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य नुवाकोट जिल्ला तुप्चे गा.वि.स. वडा नं. १ मा रहेका महिलाहरूको घरायसी निर्णय अधिकार थाहा पाउनु हो । यस अध्ययनको विशिष्ट उद्देश्यहरू यस प्रकार छन् :-

१. नुवाकोट जिल्लाको तुप्चे गा.वि.स. वडा नं. १ का महिलाहरूको आर्थिक र सामाजिक स्थिति पत्ता लगाउने ।

२. परिवारमा महिलाको अधिकार पत्ता लगाउने र भूमिकाबारे अध्ययन गर्ने ।

३. महिलाको निर्णय अधिकारमा प्रभाव पार्ने तत्वहरूको पहिचान गर्ने ।

## १.४ अध्ययनको महत्व

तुप्चे गा.वि.स. वडा नं. १ का महिलाहरूको निर्णय अधिकार कस्तो छ र निर्णय अधिकारमा के ले प्रभाव पारेको छ शिक्षित अशिक्षित महिलाको तुलनामा विवाह भएको बढी समय भएका महिलाको अधिकार बढी रहेको छ । किन त्यस्ता महिलाहरूको निर्णय अधिकार बढी रहेको भन्दा शिक्षित महिलाले आफ्नो परिवार र समाजलाई परिवर्तन गर्न सचेत गराएको कारणले भएको पाइन्छ ।

## १.५ अध्ययनको सीमा

यो अध्ययन स्नातकोत्तर तहको अध्ययनको सिलसिलामा तयार गरिएको हुदा त्यही सीमा र परिधिभित्र बढी केन्द्रित रहेको छ ।

यस अध्ययनले नुवाकोट जिल्लाको तुप्चे गा.वि.स वडा.नं. १ का महिलाहरूको सामाजिक,आर्थिक स्थिति र घरायसी निर्णय अधिकारमा महिलाहरूको भ्मिकाको खोज पूर्णअध्ययन गरेको छ । अध्ययनको लागि  अध्ययन क्षेत्र नुवाकोटको तुप्चे वडा.नं १ लाई मात्र लिएको छ । तुप्चे वडा.नं १ लाई मात्र लिनुको मुख्य कारण आफ्नो वडा हुनु र

जानकारी प्राप्त गर्न बढी सजिलो हुनु नै हो । जसले नेपालको सबै क्षेत्रको प्रतिनिधित्व नगर्न पनि सक्दछ ।

### १.६ अध्ययनको सङ्गठन (संरचना)

यस अध्ययनलाई जम्मा पाँच अध्यायमा विभाजन गरिएको छ, जस अन्तर्गत

**पहिलो अध्याय**

पहिलो अध्यायमा घरायसी निर्णय अधिकार भनेको के हो भन्ने बारेमा परिचयात्मक विवरण दिइएको छ । जसमा अध्ययनको समस्याहरू र के उद्देश्यका लागि गरिएको हो भनेर पत्ता लगाउन अध्ययनको उद्देश्य (महत्व) त्यसै गरेर किन नुवाकोट जिल्लाको तुप्चे गा.वि.स. वडा नं. १ लाई नै छानियो भनेर अध्ययनको सिमा व्याख्या गरिएको छ र अन्त्यमा अध्ययनका सङ्गठनका बारेमा चर्चा गरिएको छ ।

**दोस्रो अध्याय**

यस अध्यायमा विभिन्न विद्वान (प्रश्रित, आचार्य, बेनिट, सुवेदी, प्रधान, मल्ल, भसीन, सञ्चारिक समूह, केन्द्रीय तथ्याङ्क विभाग, महिला कानुन र विकास मञ्च) द्वारा महिलाहरूको सामाजिक, आर्थिक, राजनैतिक स्थितिका बारेमा गरिएका खोज ग्रन्थहरू अध्ययन गरी उपयुक्त विषयवस्तुलाई समावेश गरिएको छ ।

**तेस्रो अध्याय**

यस अध्यायमा अध्ययन गर्दा के कस्ता अनुसन्धान पद्धतिको प्रयोग गरेर तथ्याङकहरू सङकलन गरियो भन्ने कुरा व्याख्या गरिएको छ । तथ्याङक सङकलन र्गन सजिलो होस् भन्नेर वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान गरिएको छ । त्यस्तै गरेर अर्न्तवाताको विधिबाट उत्तर दातासँग मौलिक प्रश्न सोधेर उत्तर लिइएको छ ।

**चौथो अध्याय**

यस अध्ययनको प्रमुख अध्याय रहेकोले यस अध्यायमा प्राप्त तथ्याङ्कहरूको बिश्लेषण गरी त्यसबाट प्राप्त नतिजहरूलाई प्रस्तुत गरिएको छ । अनुसन्धानबाट प्राप्त प्रत्यक नतिजालाई व्याख्या गरेर सबैलाई बुझ्न सजिलो बनाइ दिएको छ ।

**पाँचौ अध्याय**

यस अध्यायमा महिलाहरूको सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक अवस्थाहरूको सारांश तथा निष्कर्षलाई प्रस्तुत गरिएको छ र अन्त्यमा अध्ययन गर्दा प्रयोजन भएका सन्दर्भ सामग्रीहरू र सोधका लागि प्रयोग गरिएका प्रश्नावलीहरू प्रस्तुत गरिएको छ ।

# cWofo – b'O{

## सन्दर्भ साहित्यको समीक्षा

यस अध्यायमा पूर्ववर्ती साहित्यहरूको समीक्षा गरिएको छ । परापुर्वकालदेखि नै नेपाल पितृसत्तात्मक समाजको रूपमा रहेको छ । जसले गर्दा महिला र पुरूष बीच जैविक रूपमा फरक भएता पनि समाजले हरेक प्रकारका क्रियाकलापहरूमा महिला र पुरूषलाई फरक ढङ्गबाट व्याख्या र विश्लेषण गरेको पाइन्छ । जसले गर्दा महिला आफ्नो निर्णय गर्ने अधिकारबाट वञ्चित भएका छन् ।

जसले गर्दा सहरी क्षेत्रका र ग्रामीण क्षेत्रका महिलाहरूको बीचमा निर्णय गर्ने अधिकारदेखि लिएर आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक र घरायसी निर्णय गर्ने अधिकारमा समेत फरक पाइन्छ । महिलावादी आन्दोलन तथा सिद्धान्तको विकासक्रमलाई हेर्दा सन् १८३० मा सर्वप्रथम अमेरिकी महिलाहरू दासताका विरुद्ध सङ्गठित भएर आवाज उठाएको पाइन्छ । यसै गरी औद्योगिक क्रान्तिपछि युरोप तथा अमेरिकी महिलाहरूले घर बाहिरका आम्दानी हुने क्षेत्रमा काम गर्ने वातावरणको सिर्जना भए पनि ज्याला, सम्मान तथा स्वतन्त्रताका सवालमा पुरूष सरहको व्यवहार प्राप्त हुन सकेको थिएनन् । विभिन्न समयमा महिला मुक्तिका लागि आन्दोलन चली नै रह्यो तर सन् १९६० को दशकमा महिला आन्दोलन बढी सङ्गठित हुन पुग्यो । यस समयमा उत्तरका महिलाहरू विशेषगरी एसिया र अफ्रिका शैक्षिक विभेद तथा काममा विभेदका विरुद्ध कानुनी अधिकारका लागि सङ्घर्ष सुरु गरे । अर्कातिर महिला विभेदलाई उठाएर पुस्तक, लेख रचनाहरू प्रकाशन हुन थाल्यो । जसले महिला विरुद्ध रहेका विभेद र दमनका विरुद्ध चेतना बढाउने कार्य गऱ्यो । महिला शिक्षा सम्बन्धित संस्थाहरू खुल्न थाले (श्रेष्ठ, २०६०) ।

महिलालाई अघि बढाउने उद्देश्यले यस गाउँमा पनि महिलाहरूलाई लक्षित गरेर विभिन्न किसिमका कार्यक्रमहरू ल्याएको पाइन्छ । जसले गर्दा पहिलाको तुलनामा महिलाहरू केहि जान्न, सिक्न र बोल्न सक्ने भएका छन् । त्यसले गर्दा उनीहरूको बचत गर्ने बानीको विकास हुनु साथै समुदायमा केही कार्य परेका बोल्न सक्ने बानी पनि क्रमश

विकास हुन्दै गएको पाइन्छ । बचत गर्ने बानीले गर्दा उनीहरूले विभिन्न समूह खोली त्यसमा आफ्नो क्षमता अनुसार धेर थोर बचत गर्न थालेका छन् । बचत गर्ने बानीले अफ्ठ्यारो परेको बेला उनीहरूलाई मद्दत पुऱ्याएको छ । जसले उनीहरूलाई हामीले पनि केही गर्न सक्छौ भन्ने हौसला मिलेको छ ।

समाजशास्त्रका पिता अगष्त कोंतले सामाजिक सम्बन्धको अध्ययन गर्ने सम्बन्धमा पुरूष केन्द्रित भएर व्याख्या गरेको पाइन्छ । जसमा उनले महिलालाई पुरूषका तुलनामा कमजोरर न्यून स्तर भएको ठान्छन् । जसको कारण महिलाहरू पुरूषको नियनत्रणमा छन् । फ्रान्सेली विकास र सु-व्यवस्थाका लागि पितृसत्तात्मक अधिकार र राजनीतिक तानाशाहीको आवश्यकता थियो भनी कोंतको भनाइ उल्लेख गर्दै ओलिनवेगर जेनमुरी एहेलेनले १९९२ मा लिखित 'महिलाको समाजशास्त्र' नामक कृतिमा उल्लेख गरेका थिए (श्रेष्ठ, २०६०) ।

व्यवहारिक अध्ययनबाट प्राप्त भएका निष्कर्षहरूलाई विभिन्न उपशीर्षकमा राखी विवेचना गर्ने प्रयास गरिएको छ ।

## २.१ सामाजिक स्थिति

यू.एस.ए.आई.डि.ले सामाजिक स्थिति सन् १९८१ मा पहिलो अध्ययन प्रकाशन गरेका "नेपालमा नारीको स्थिति" नामक एक अध्ययनले आठ अलग गाउँले समुदायका नारीको भूमिकाको विश्लेषण गर्दा नारीले भन्दा पुरूषले थोरै काम गर्ने तथा घरायसी आम्दानीमा र घरायसी निर्णयहरूमा पनि कम योगदान दिने कुरा औंल्याइयो तर नेपाली कानुन र परम्परा अनुसार जमीन, धन, सम्पत्तिमा छोराको बढी अधिकार हुने गर्दछ ।"

"जातीय तथा क्षेत्रीय विविधताका कारण यहाँका महिलाहरूको स्थितिमा असमानाता रहेको पाइन्छ । छोरी प्रतिको व्यवहार र अवधारण पनि फरक फरक रहेको पाइन्छ ।" नेपालमा सबै जातिहरूमा पितृसत्तात्मक संस्कृति छ तर पनि हिन्दु धर्म संस्कृतिको प्रभाव परेका मंगोल मुलका जनजातिहरूमा छोरीप्रतिको अवधारणा र व्यवहारहरू केही मात्रामा फरक फरक छन् । खासगरी हिन्दु वर्ण व्यवस्थामा बाँधिएका ब्राम्हण क्षेत्रीहरूमा र नेवारको उच्च खानदानी उङ्शमा छोरीहरूप्रति वाध्यात्मक नीति, संस्कार, व्यवहार र चलनहरू बढी छन् । हिन्दु संस्कृतिका तराईका जनजातिहरूका पनि स्थिति करिब उस्तै छन् तर मगर, गुरूङ, राई, लिम्बू, थारू, चेपाङ आदि समुदायहरू अहिलेसम्म पनि जनजातीय स्तरका

नजिक रहेका हुनाले तिनिहरूमा बाहुन, क्षेत्री आदिमा जस्तो पितृसत्तात्मक हैकम त्यति चर्को रूपमा पाइदैन । फलस्वरूप यहाँ महिलाहरूप्रतिको व्यवहार केही उद्धार खालको रहेको देखिन्छ त्यसैले छोरीहरूप्रति पनि केही खुल्ला र उद्धार खालका नीति र संस्कार आदि पाइन्छन्" (प्रश्रित, २०४९) ।

नेपाल पितृसतात्मक समाज हो  जसको कारणले गर्दा यस समाजमा पनि बढी मात्रामा पितृसतात्मक सामाजिक ढाँचानै देखिन्छ । जसमा घर भित्रकोदेखि बाहिरका सम्पूर्ण निर्णयहरू पुरुषले नै गर्ने गर्दछन् । यस समाजमा बढी हिन्दु धर्म मान्ने ब्राम्हण, क्षेत्रीहरुको बसोवास हुने गरेको कारणले गर्दा यहाँ छोरी प्रतिको धारणा अरु जात जातिको भन्दा फरक पाइन्छ । यसै समाजमा रहेको जनजातिको छोरी र ब्राम्हण क्षेत्रीको छोरीलाई गरिने व्यवहारमा फरक पाइन्छ । जसमा घरबाट बाहिर जान समेत बाबु आमाको स्विकृति लिनु पर्ने हुन्छ ।

"महिलाहरू जीवनका सबै पक्षहरूमा न्यूनतम अवसरहरूबाट वञ्चित भएको प्रतिविम्ब झल्किन्छ । सुविधाबाट वञ्चित समुदायका महिलाहरूको अवस्था भने अझ कहाली लाग्दो छ । सामाजिक परिसूचकका आधार उनीहरूको अवस्था त्यही समुदायभित्रका पुरूषहरूको अवस्थाभन्दा पनि अझ धेरै तल छ" (संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, २००१) । पुरुषको तुलनामा महिलाको संलग्नता धेरै नै कम रहेको पाइन्छ । कानुनी रूपमा ३३% भन्ने पनि त्यस कुरा पूर्ण रूपमा यस गाउँमा पनि कार्यान्वयन भएको पाइन्दैन । जसमा महिलाले पुरुषले गरेको निर्णयलाई नै स्विकार गर्दछ आफ्नो अभिव्यक्ति गर्न सक्दैन । काम गरे वापत पाउने ज्यालादेखि लिएर नोकरीमा समेत कम संलग्न रहेका छन् । महिलाले पुरुष सरह काम गरे पनि उनीहरूले पुरुषले भन्दा आधा पारिश्रमिक प्राप्त गर्दछन् ।

महिला कमजोर हुनुको कारण उत्पादन कार्यमा उनीहरूको नियन्त्रण र अधिकार नहुनु नै हो । २००१ को केन्द्रिय तथ्याङ्कको अनुसार जम्मा १७ प्रतिशत मात्र महिलाको घर जग्गा माथि अधिकार रहेको छ । जसको १७ प्रतिशत भनेर देखाएको छ । त्यसमध्ये पनि १०.८ प्रतिशतको जग्गा, ७.६ प्रतिशतको जीवन निर्वाह र ५.५ प्रतिशतको घरमा रहेको छ । ठूलो मात्रामा  ७६ प्रतिशत महिला जसमा  पुरुषको ५० प्रतिशतसँग तुलना गर्दा आदि बढी महिला कृषिमा संलग्न छन् जसमा उनीहरू कृषि, घर संचालन, आर्थिक

क्रियाकलाप र घर व्यवस्थापन मा लागेका छन् । तर ग्रामिण क्षेत्रका ९४ प्रतिशत महिला कृषिमा संलग्न रहेका छन् (Bhadra, 2007)।

महिला भएका कारण सामाजिक, आर्थिक र राजनीतिक कृयाकलापमा पछि परेकालाई अगाडि ल्याउने प्रकृया शसक्तिकरण हो । शसक्तिकरणको माध्यमले महिलालाई अगाडि मुल धारमा ल्याउन सजिलो हुन्छ जसले गर्दा उनीहरूले आफ्नो कर्तव्य र अधिकार के हो भन्ने कुरा सजिलैसँग बुझ्न सक्दछन् र आफ्नो व्यवहारमा लागु गर्न सक्दछन् । जसको मुख्य उद्देश्य महिला शक्ति सम्पन्न हुनु आत्मविश्वास युक्त, स्वचालित र स्रोतमा नियन्त्रण र सुसुचित हुनु हो । नेपाली परिप्रेक्ष्यमा महिलाहरू शिक्षाको अवसर नपाएका, निर्णय प्रक्रियामा नभएका र स्रोतमा पहुँच नभएका कारणले महिलाहरू पछि परेका छन् ( सुवेदी, २०५९) ।

“परिवारको हेरचाह तथा स्याहार सुसारको कार्यहरूमा मूलतः महिला जिम्मेवारी भित्र पर्दछन् । त्यस्तो तथ्याङ्क पद्धति जसले यी कार्यहरूलाई अनुत्पादक काममा वर्गीकरण गरि दिन्छ । त्यस्तो पद्धतिले स्वतः महिलाहरूलाई आर्थिक रूपले पराश्रित श्रेणीमा राखि दिन्छ । यो महिलाको दृष्टिकोणबाट कुनै पनि रूपले स्वीकार्य हुन सक्दैन किनकि यसले महिलाको आर्थिक उपयोगितालाई नकार्दछ” (Acharya, 2003) । गाउँमा महिलाहरूले घरमा बसेर घरभित्रका सम्पूर्ण कार्य गर्दछन् तर पनि त्यो कार्यलाई उत्पादक कार्यको रूपमा लिइदैन जसमा महिलाले दिनमा १४ घण्टा भन्दा बढी समय समेत दिएकी हुन्छिन् तर घरभित्र विताइने त्यो समयलाई महत्व दिइन्दैन । जसमा पुरुषले ६/७ घण्टा मात्र काम गरेर पैसा आर्जन गर्दछन । आर्थिक उपार्जन गर्ने भएकै कारणले नै पुरुषको निर्णय अधिकार रहन्छ ।

“नेपाली समाजमा उत्पादनका हरेक क्षेत्रहरूमा पुरूषद्वारा नै क्रियाकलाप हुन्छ भन्ने सामाजिक धारणा व्यापक छ । महिलाहरू खास गरी घर हेर्ने, बच्चा हेर्ने, खाना पकाउने र दाउरा पात गर्ने हुन् भन्ने सामाजिक मान्यता रहेको छ । राष्ट्रिय आर्थिक र सामाजिक श्रृङ्खलामा महिलाको भूमिकालाई गौण गरिएको छ । बच्चा पाउँदा पनि छोराको चाहना बढी रहेको छ । छोरीभन्दा त बरु अपाङ्ग भए पनि छोरा नै ठीक छ र यसले आफ्नो वंश बचाउँछ भन्ने जस्ता मान्यता रहेका छन्” (Dhungel, 1981) ।

"महिला एकल वा पुरूष दुवै मिलेर गर्ने निर्णय होस् यो सम्भव छ । महिलाहरू सामान्य शिर झुकाएर श्रीमानको निर्णयलाई सम्बोदन गर्दछन् कि प्रश्न । सामान्यतया उनीहरूको भनाइ महिलाले अस्विकार गर्न सक्दैनन् किनकि पुरूषहरू पूर्ण रूपमा बढी ज्ञानि, सीप र निर्णय गर्ने क्षमता छ भन्ने कुरामा विश्वस्त हुन्छन्" (भासीन, १९९५) । महिलाहरूले ज्ञानी भएर पुरुषको निर्णय मान्य गर्दछ । जसले गर्दा उनीहरूले विहान उठनासाथ ढोग्ने र खुट्टाको पानी खाने गर्दछन र श्रीमानले नखाइ खाना समेत नखाने गर्दछन् जसको मुख्य कारण यस समाजमा रहेको पितृसत्तात्मक सामाजिक संरचाना नै हो ।

महिला र पुरूष बीच शक्ति र सत्ताको सम्बन्ध दुवै लिङ्गका बीच क्रम विभाजन, भूमिका तथा स्रोत साधनको बाँडफाँड समेत विभिन्न रीतिरिवाजहरू र विचार धाराहरूको रूपमा अगाडि आउँदछन् । यसले महिला र पुरूष बीच बेग्लाबेग्लै योजना, चालचलन इच्छा, व्यक्तित्वका गुणहरू तथा व्यवहार गर्ने तौरतरिका इत्यादि निश्चित गर्दछ । यही सम्बन्धले वर्ग, जाति, नस्ल जस्ता असमानयुक्त ढाँचाहरूको मद्दतले सामाजिक रितिरिवाज तथा विचार धाराहरू निर्माण गर्दछ । त्यही विचार धाराको आधारमा सामाजिक विभेद हुन्छ" (भासीन, २०१२) । समाजमा छोरा र छोरीलाई विभिन्न छुट्टा छुट्टै व्यवहारहरू सिकाइने गरिन्छ । जसमा छोरालाई बुवाले छोरीलाई आमाले सिकाउने गर्दछन् छोरालाई निडर, आंटिलो हुनु पर्दछ भन्दछन् भन्ने छोरीलाई लजालु, सहनशिल हुनुपर्दछ भन्ने कुरा सिकाउने गरेको पाइन्छ । यसैले गर्दा महिला र पुरुषको व्यवहार गर्ने परम्परामा पनि फरक रहेको पाइन्छ ।

"महिला र पुरूषहरूको बेग्लाबेग्लै शारीरिक बनावटले गर्दा सामाजिक स्तर, दर्जा, र मान्यता बीचमा भेदभाव रहेको छ । सामाजिक भेदभाव कायम राख्न शारीरिक बनोटको हात छ । लगभग सबै ठाउँमा पुरूषको तुलनामा महिलालाई तल्लो दर्जाका रूपमा लिइन्छ र उनीहरूको स्रोत, साधन माथि अधिकार कम छ । उनीहरूले पुरूषले भन्दा धेरै समय काम गर्दछन् तर उनीहरूको कामलाई कम महत्व दिइन्छ वा पैसा कम दिइन्छ । उनीहरूले पुरूष र समाजको हातबाट व्यवस्थ्ति ढंगले हिंसाको सामना गर्नुपर्दछ । सामाजिक, आर्थिक तथा राजनीतिक संस्थाहरूमा लिइने निर्णयहरूमा उनीहरूको धेरै नै कम सहभागिता हुन्छ" (भासीन, २०१२) ।

"महिलाले विवाह पश्चात् श्रीमानको जुठो, गोडाको पानी खानु पर्ने, ऊ सधैँ घर परिवार र श्रीमानको निगरानीमा रहन्छे । यदि उसले परपुरूषसँग बोलेमा त्यसलाई नकारात्मक दृष्टिकोणबाट हेर्ने चलन छ । त्यस्तै गरेर घर पोत्ने, श्रीमानको सु-स्वस्थ्य एवं दीर्घायुको कामना गर्दै व्रत बस्ने, अविवाहित महिलाले राम्रो श्रीमान प्राप्तीको लागि व्रत बस्ने चलन छ । यसरी समग्रमा भन्नुपर्दा सामाजिक, आर्थिक, सांस्कृतिक सबै दृष्टिकोणमा महिलाहरूको स्थान पिछडिएको पाउन सकिन्छ" (Bennet, 2010)।

"नेपाली समाजमा विवाह पूर्व र पश्चात् महिलाहरूको भूमिकामा एउटा ठूलो अन्तर रहेको छ अर्थात् घरपरिवार र समाजले उनीहरूलाई हेर्ने दृष्टिकोण पृथक रहेको छ । विवाह अघि एउटा नारीलाई पवित्र वस्तुको रूपमा लिइन्छ । जब कि विवाह पश्चात् यौन सम्पर्क, बच्चा उत्पादन जस्ता क्रियाकलापले गर्दा हेय र अपवित्र वस्तुको रूपमा हेर्ने गरिन्छ । महिलाहरूले घरायसी तथा खेतीपातीको सम्पूर्ण काम गर्ने जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ भन्ने श्रीमानाले खेतीपातीको तथा आयआर्जनको जिम्मेवारी लिएका हुन्छन् त्यस्तै छोरीलाई बाबुआमाको काजकिरिया, दागबत्ती, विवाह छनोटमा बन्देज लगाइएका छन् भने छोरालाई उक्त कुरा गर्न स्वतन्त्रता दिइएको छ" (Bennet, 2010)।

यसरी यस स्थानमा विवाह पहिला छोरीलाई बुवा आमाले अर्काको घर जाने जात भन्नेर धेरै माया गर्ने र विभिन्न व्यवहारहरू, कामहरू गर्न सिकाउने गर्दछन् । तर विवाह भैसकेपछि उनीहरूले छोरीलाई पहिलाको जति माया ममता नगरेको पाइन्छ ।

## २.२ आर्थिक स्थिति

"विगत पाँच वर्ष यता सरकारले महिलालाई प्रत्यक्ष लाभ हुने शीर्षकको रूपमा बढाउँदै लगेको छ तर व्यवहारमा महिला सरोकारका विषयमा विनियोजन गरेमा रकम कार्यान्वयनमा त्यही अनुपातमा जान र उपभोग हुन सकेका छैनन् (सुवेदी, २०६८) ।

महिलाको आर्थिक स्थितिलाई उठाउन यस स्थानमा विभिन्न महिला समूहको स्थापना र आमा समूहको स्थापना गरी थोरै रकमको बचत गर्ने बानीको विकास गरेको पाइन्छ । जसको कारणले गर्दा महिलाले सानोतिनो सामानको किनमेल गर्नको लागि पुरुषमा निर्भर हुनु परेको छैन । तर ठूला ठूला काम गर्दा महिलाहरू आर्थिक रूपमा पुरुष माथि नै भर पर्नु परेको देखिन्छ ।

"घर बाहिर गरिने विभिन्न आर्थिक क्रियाकलापहरूको लेखाजोखा गरिन्छ तर घरभित्र महिलाले बिहान उठेदेखि राति अबेरसम्म गरेको क्रियाकलापको आर्थिक लेखाजोखा राखिदैन । घरायसी व्यवस्था मिलाउने जिम्मेवारी पुर्ण कामलाई रछ्याने काम भनेर होच्चाइन्छ । पुरुषले घर बाहिर काम गर्दा घर भित्रको वातावरण सहज बनाएर, केटाकेटीलाई ठिक समयमा पाठशाला पठाएर, विभिन्न सामाजिक दायित्व पुरा गर्दै महिलाले गरेको हस्याङफस्याङ्को मूलायङ्कन गरिदैन । घरभित्रको काम विहान उठे देखि राती अवेरसम्म गर्ने महिलाहरूको घरायसी निर्णयमा कुनै अधिकार रहदैन । जसले गर्दा सय रुपियाँको चुरा धागो लगाउनेदेखि चार पाँच सय दानदक्षिणा दिनु पर्दा पनि हात फैलाउनु पर्छ (पौडेल, २०1०) ।

"महिला महासन्धि २००४ जनवरी १२-३० सम्म सम्पन्न ३० औं अधिवेशनमा नेपालबाट पेश गरिएको प्रतिवेदनमा महिलाको आर्थिक अधिकारको सम्बन्धमा महिलाहरूका लागि उत्पादनको स्रोत समान पहुँच नभएको, आर्थिक गतिविधिमा महिलाका लागि चुनौतीपूर्ण वातावरण रहेको औंल्याउँदै महिला विरुद्ध भेदभावपूर्ण रहेका आर्थिक कानुनी संरचना उपयुक्त सुधार गर्नुपर्ने सुझाव पेश गरेको छ । साथै भूमि माथिको समान पहुँचको सम्बन्धमा रहेका महिला विरुद्धका कानुनी व्यवस्थालाई उन्मुलन गरी कानुनी समानता साथै व्यवहारिक समानता समेत प्रदान गर्नुपर्ने सुझाव दिएको छ (महिला कानुन र विकास मञ्च : २०६१ चैत्र) ।

महिला घरबाट एक दिन बाहिर परिवारको सल्लाह विना गएमा विभिन्न लाञ्छनाहरू लगाउने गर्दछन् तर पुरुषहरू घरबाट वर्षैभरी घर बाहिर सल्लाह विना बसेपनि उसलाई केहि पनि भनिदैन् । यहाँ बढी मात्रामा ब्राम्हण जातिको बसोबास रहेको छ । जसमा थोरै मात्रामा दलित जातिको बसोबास रहेको पाइन्छ । हिन्दु धर्म अनुसार महिलाले तल्लो जातिसँग विवाह गरेमा उसको जात तल झर्ने चलन रहेको छ जहाँ पुरुषले तल्लो जातिसँग विवाह गरेमा उसको जात चाहिँ पहिलाको नै रहन्छ जसको मुख्य कारण पितृसत्तात्मक समाज नै हो । यस ग्रामीण समाजमा छोरीको नाममा हालसम्म कुनै पनि चल तथा अचल सम्पत्ती रहेको पाइदैन जसको पूर्ण हिस्सा छोरामा नै निहित छ जसको कारण परम्परागत संरचना र व्यवहारमा परिवर्तन नहुनु नै मानिन्छन् ।

“महिलाको सहभागिता नियमसँगत रूपमा श्रम, शक्तिमा १९८१ र २००१ देखि क्रमिक रूपमा बढ्दै गइरहेको छ। आर्थिक क्रियाकलापका उचित समस्याहर क्रमिक रूपमा विस्तारै बढ्दै गईरहेको छ । २००१ को गणनाले महिला ४३% भन्दा बढी श्रम, शक्ति गर्दछन् जसमा ७३% कृषि क्षेत्रमा र २७% गैरकृषि क्षेत्रमा रहेको पाइन्छ । केही हदसम्म महिलाको सहभागिता सबै देशमा बढेको छ । तर तिनीहरूको कृषिमा समन्वयता देख्न सकिन्छ । व्यवस्थापकिय र प्रशासकिय क्षेत्रमा भएको दक्षता र प्रविधिको विस्तार सकारात्मक परिवर्तन ल्याउने पक्ष हुन्” (Acharya, 2003)।

“महिलाहरूको मिहिनेतको शोषण र त्यसमा पुरूषहरूको नियन्त्रणको अर्थ यही हो कि पितृसत्ताबाट पुरूषहरूलाई भौतिक फाइदा हुन्छ । महिलाहरूको न्यून दर्जाबाट पुरूष वर्गले ठोस आर्थिक लाभ उठाउँछन् अथवा पितृसत्तात्मक व्यवस्था भौतिक फाइदामा आधारित छ (भासीन, १९९५) ।

“आर्थिक पक्षमा महिलाहरूको स्थानलाई अगाडि बढाउने हो भने उनीहरूले समाजमा सम्मानपूर्ण जीवन बाँच्न पाउँछन्, उनीहरूले आफूमा आत्मनीर्भर भएर बाँच्न सक्षम हुन्छन् । आर्थिक रूपमा महिलालाई पनि स्वतन्त्रता दिने वा पैतृक सम्पत्तिमा महिलाहरूको पनि समान हक हुने हो भने उनीहरूले पनि पारिवारिक दायित्व पूरा गर्न सक्छन् । सामाजिक, सांस्कृतिक रूपमा पनि उनीहरू सक्षम हुन्छन् , जसले गर्दा सामजिक र सांस्कृतिक परिवर्तन भई समाजमा महिलाहरूलाई हेर्ने दृष्टिकोणमा नै परिवर्तन भई समाज विकासमा ठूलो मद्दत पुग्दछ भन्ने तथ्य यस अध्ययनले देखाएको छ । त्यस्तै यस अध्ययनले तराईको समस्यालाई पनि देखाएको छ । कम दाइजो दिँदा छोरीको हत्या गर्ने, घर निकाला गर्ने जस्ता तराईको समस्यालाई पनि यस अध्ययनले देखाएको छ  यस्ता तथ्यबाट पनि छोरा र छोरीमा अंश हकमा कस्तो व्यवस्था हुनुपर्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ” (सञ्चारिका समूह नेपाल, २००१) ।

आर्थिक रूपमा सक्षम रहेका महिलाहरूले सामाजिक परिवर्तन गर्न सहयोग गरेको पाइन्छ । जसमा पुराना रुढीवादी परम्परामा परिवर्तन भई महिलाहरूमा थोरै मात्र सम्पत्तीको अधिकार रहेको पाइन्छ । तराई जिल्लाको जस्तो समस्या यस स्थानमा नरहेको पाइन्छ । कम दाइजोको कारण महिलाले आफ्नो ज्यान गुमाउनु पर्ने समस्या यस स्थानमा नरहेको

पाइन्छ । उनीहरूले सम्मानपूर्ण जीवन विताउन पाएको पाइन्छ । तर पैतृक सम्पत्ती माथि भने छोरीको अधिकार पूर्ण रूपमा लागु नभएको पाइन्छ ।

“यसै भनाईलाई मनन् गर्दा पनि हामीले के पाउन सक्छौं भने महिलाहरको आर्थिक वा सामाजिक स्थितिमा सुधार ल्याउने हो भने उनीहरूलाई पनि स्वतन्त्र वा खुल्ला रूपमा घर बाहिरको काममा लगाउनु पर्दछ । हरेक व्यवहारिक पक्षमा समानता ल्याउन सक्नु पर्छ । महिलाहरू कमजोर वा कम वृद्धि भएका हुन्छन् भन्ने सोचको अन्त्य हुनुपर्छ अनि मात्र समाजको सामाजिक विकासमा समरूपता पाउन सकिन्छ । सन् २०११ मा भएको नेपालको जनगणनालाई नै हेर्ने हो भने जम्मा जनसङ्ख्या २, ६४, ९४, ५०४ रहेको छ । त्यसमा पुरूषको सङ्ख्या १, २८, ४९, ०४१ छ र महिलाको जम्मा जनसङ्ख्या १,३६, ४५, ४६३ रहेको छ । पुरूषको तुलनामा महिलाको सङ्ख्या नै बढी छ तर घरमुली वा सम्पत्ति स्वामित्वको हिसाबले हेर्ने हो भने महिलाको स्वामित्वमा वा नाममा १९.७१%, सहरी क्षत्रेका महिलाको स्वामित्वमा २६.७७% रहेको छ भन्ने ग्रामीण क्षेत्रका महिलाहरूको १८.०२% रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०११) ।”

“महिला घरेलु उत्पादन गर्ने वर्ग हो र पति फाइदा उठाउने वर्ग हो । महिलाले चौबीसे घण्टा काम गरे पनि मिहिनेतको कदर गरिन्न र तिनलाई पति माथि निर्भर रहने व्यक्तिको रूपमा हेरिन्छ । महिलाले घर बाहिर गर्ने नोकरी वा ज्यालादारीको काममा पनि पुरूषहरूद्वारा अनेक ढङ्गले आफ्नो नियन्त्रण राख्दछन् । महिलाहरूको मिहिनेतको शोषण र त्यसमा पुरूषहरूको नियन्त्रणको अर्थ यही हो कि पितृसत्ताबाट पुरूषहरूलाई भौतिक फाइदा हुन्छ । महिलाको न्यून दर्जाबाट पुरूष वर्गले ठोस आर्थिक लाभ उठाउँछन् जसबाट के भन्न सक्छौं भन्ने पितृसत्तात्मक व्यवस्था भौतिक फाइदामा आधारित छ (भासीन, २०१२) ।”

महिलाहरूले गरेको सम्पूर्ण कार्यको फाइदा पूर्ण रूपमा श्रीमानले लिने गर्दछन् । जसको कारण सामान्य कुराको सल्लाह लिन समेत पुरुषलाई सोध्नु पर्दछ । जसले गर्दा महिला स्वयम आफूले आफैंलाई कमजोर व्यक्तिको रूपमा प्रस्तुत गरेका छन् ।

घरायसी निर्णय अधिकारमा महिलाको सहभागिता बारे विभिन्न पत्र पत्रिका किताबहरूमा व्याख्या भएको कुरालाई अध्ययन गरेर यसमा प्रस्तुत गरिएको छ । जसमा ग्रामिण महिलाका कुरालाई बढी मात्रामा प्रस्तुत गरिएको छ । नेपाल पृत्तिसत्तात्मक समाज भएकोले बढी मात्रामा निर्णय अधिकार पुरुषको हातमा नै रहेको पाइन्छ ।

# cWofo – tLg

## अनुसन्धान पद्धति

यस अध्यायमा नुवाकोट जिल्लाको तुप्चे गा.वि.स. वडा नं. १ मा रहेका महिलाहरूको घरायसी निर्णय अधिकारलाई मुख्य आधार लिएर अध्ययन गरिएको छ । अध्ययनका लागि निम्न अनुसन्धान पद्धति अपनाइएको छ ।

### ३.१ अनुसन्धानको प्रारूप

यो अनुसन्धान वर्णात्मक तथा अन्वेषणात्मक ढाँचामा आधारित रहेको छ । तुप्चे गा.वि.स. मा बसोबास गर्ने महिलाको निर्णय गर्ने अधिकारलाई वर्णात्मक एवम् अन्वेषणात्मक रूपले प्रस्तुत गरिएको छ ।

### ३.२ अध्ययन क्षेत्र छनोट गर्नुको औचित्य

नुवाकोट जिल्ला राजधानी नजिकैको जिल्ला र ग्रामीण क्षेत्र हुनुको साथै शोधकर्ताको आफ्नो घरायसी जिल्ला जसबाट सजिलैसँग तथ्याङ्क प्राप्त गर्न सकिनुको साथै सबै खाले शिक्षित, अशिक्षित, रोजगार, व्यरोजगार, एकल महिलाहरू रहेका छन् । प्राकृतिक सौन्दर्यताले भरिपूर्ण छ र घरायसी निर्णयमा महिलाहरूको संलग्नता बढी मात्रामा हुन सकेको छैन । घरायसी निर्णय अधिकारमा महिलाको सहभागिता भन्ने शीर्षकलाई आधार बनाएर यस भन्दा अगाडि समाजशास्त्रमा यस क्षेत्रमा अध्ययन भएको पाइदैन ।

### ३.३ तथ्याङ्कको प्रकार र प्रकृति

वर्णनात्मक र अन्वेषणात्मक पद्धती यस अध्ययनका लागि अपनाइएको छ । प्राथमिक तथा द्वितीय तथ्याङ्क र सूचाङ्कहरूको लागि विभिन्न विविधको उपयोग गरिएको छ । प्राथमिक तथ्याङ्क स्थलगत अध्ययनबाट र द्वितीय तथ्याङ्क उक्त गा.वि.स.मा सङ्कलित लेख रचनाबाट सङ्कलन गरिएको छ । उत्तरदाताहरूको शिक्षा, पेशा, निर्णय अधिकार, आय, परिवारको आकार आदि कुराको अध्ययन गर्दा वर्णनात्मक पद्धति अपनाइएको छ भन्ने अन्य सामाजिक, आर्थिक स्थितिको अध्ययन गर्दा अन्वेषणात्मक पद्धतिद्वारा गरिएको छ ।

### ३.४ नमूना छनोट

यो अध्ययन नुवाकोट जिल्ला तुप्चे गा.वि.स अन्तर्गत वडा नं. १ मा रहेका २१६ घरधुरीको कुल जम्मा ११९२ जनसङ्ख्या मध्य ६०५ जना महिला छन् (तुच्चे गा.वि.स.को कार्यलयबाट प्राप्त) । यस अध्ययन गर्दा २० वर्ष देखि ५० वर्ष सम्मका विवाहित महिलाहरूलाई आधार मानेर गरिएको छ । यो अध्ययन क्षेत्रका सम्पूर्ण महिलाहरूसँग भेटेर तथ्याङ्क र यथार्थ सूचनाहरू सङ्कलन गर्न सीमित अवधिमा सम्भव नभएकोले उद्देश्यमूलक नमुना छनोटबाट १५% को जम्मा ४३ जना महिलाहरूलाई अध्ययनको लागि तथ्याङ्क सङ्कलन गरिएको थियो । उद्देश्यमूलक नमूना छनोटको माध्यमबाट निश्चित उद्देश्य प्राप्त गर्नुको साथै सबैलाई प्रतिनिधित्व गर्न सकिन्छ । तथ्याङ्क सङ्कलनको क्रममा शोधकर्ता आफैं अध्ययन क्षेत्रमा गएर उत्तरदाताहरूसँग छलफल गर्ने, अन्तर्वार्ता लिने, उनीहरूको धारणा बुझ्ने र प्रश्नावली भर्न लगाई तथ्याङ्क सङ्कलन गरिएको थियो । उत्तरदाताको नमूना चयन गर्दा विभिन्न धर्म, जाति, शिक्षित, अशिक्षित उमेर समूह अन्तर्गत पर्ने प्रतिनिधि छानी तुलनात्मक अध्ययन गरिएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन विधि

प्रस्तुत अध्ययनमा विभिन्न विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । गुणात्मक र संख्यात्मक तथ्याङ्कहरूको सहायताबाट नै अनुसनधान उपलब्धीमूलक हुन सक्ने हुँदा तथ्याङ्क गर्दा प्राथमिक र द्वितीय दुवै स्रोतलाई प्रयोग गरिएको छ । स्थलगत स्रोतबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ भने सन्दर्भ साहित्यको समीक्षाबाट द्वितीय तथ्याङ्क सङ्कलन गरिएको छ । विशेष गरेर प्रश्नावली, अन्तर्वार्ता आदि विधि अध्ययनका लागि ग्रहण गरिएको छ ।

#### ३.५.१ प्रश्नावली

प्रारम्भिक तथ्याङ्कमा प्रश्नावली तयार गरेर नमूना छनोटद्वारा छानिएका व्यक्तिहरूबाट प्रश्नावली भर्न लगाई सङ्कलन गरिएको छ । दुवै शिक्षित/अशिक्षित वर्गबाट यो विधि अपनाई तथ्याङ्क सङ्कलन गर्दा उपयोगी हुने हुनाले यो विधि अपनाइएको हो । यस अध्ययनका लागि तयार पारिएको प्रश्नावली परिशिष्टमा दिइएको छ । यसमा बन्द र खुल्ला प्रश्नावलीहरू तयार पारिएको थियो जसमा उत्तरदाताहरूले निर्धारित उत्तरहरूमा चिन्ह लगाउनु पर्ने थियो भन्ने खुल्ला प्रश्नवलीमा उत्तरदाताहरूलाई आफ्नो विचार व्यक्त

गर्न दिइएको थियो । प्रश्नावली नमूना छनौट गर्दा ६०५ जना महिलाहरू मध्ये नमूना छनोटमा परेका २० वर्षदेखि ५० वर्षसम्मका ४३ जना विवाहित महिलाहरूले प्रश्नावलीको उत्तर अनुसन्धानकर्तालाई दिएका थिए । जसमा २०६९ को तथ्यांकलाई आधार मानिएको छ । महिलाहरूको घर परिवार संचालन गर्न देखि लिएर बाहिर निर्णय र समाजमा कस्तो छ थाहा पाउन । उत्तरदाताको शिक्षा, भूस्वामित्व, प्रजनन् अधिकार, विवाहको उमेर, बच्चाको शिक्षा, उमेर आदि कुराहरूको जानकारी प्राप्त हुने प्रश्नहरू छन् ।

### ३.५.२ अन्तर्वार्ता

यस विधिबाट तथ्याङ्क सङ्कलन गर्दा सर्वप्रथम प्रश्नहरूको सूची बनाई व्यक्ति छानेर मौखिक रूपबाट सूचना सङ्कलन गरिएको थियो । अन्तर्वार्ताको लागि ५ जना शिक्षित, अशिक्षित, रोजगार, बेरोजगार र एकल महिलाहरूलाई छनोट गरी उनीहरूको शिक्षा, आर्थिक, कृषि, प्रजनन र अन्य घरायसी निर्णय अधिकार प्रति कस्तो अवस्था रहेको छ भन्ने कुरा बुझ्ने प्रयास गरिएको थियो ।

## ३.६ तथ्याङ्क विश्लेषण

अध्ययन अनुसन्धानको सफलता सङ्कलित तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतिकरणमा भर पर्ने हुँदा अध्ययनका लागि सङ्कलन गरिएको तथ्याङ्कहरूलाई सबैभन्दा पहिला सम्पादन गरी तालिकाबद्ध रूपमा क्रमैले विश्लेषण गरिएको छ । शोधमा तथ्याङ्कको विश्लेषण गर्दा संख्यात्मक र गुणात्मक दुवै पद्धति अपनाइएको छ । गुणात्मक तथ्याङ्कलाई बढी प्राथमिकता दिइएको छ ।

## ३.७ गोपनीयता

अन्तर्वार्ताको माध्यमबाट व्यक्तिगत अध्ययन गर्दा व्यक्तिको नाम परिवर्तन गरेर उनीहरुको व्यक्तिगत विवरण पेश गरेको छु । जसमा उनीहरुबाट प्राप्त सम्पूर्ण कुराहरुलाई क्रमैसँग मिलाएर लेखिएको छ ।

## ३.८ अनुसन्धान गर्दाको अनुभव

यस तुप्चे गा.वि.स. वडा नं. १ मा अनुसन्धान गर्दा सजिलो भएको छ । जसमा महिला दिदीबहीनीहरुले उनीहरुको जानकारी सजिलै रुपमा दिएका थिए र मलाई यो शोधपत्र तयार गर्न हौसला पनि प्रदान गरेका थिए । त्यसकारण मलाई शोधपत्र तयार गर्न विभिन्न जानकारीहरु दिने सबै महिला दिदी बहिनीहरुलाई धन्यवाद दिन चाहन्छु ।

# cWofo – rf/

## ग्रामिण महिलाको सामाजिक अवस्था

यस अध्यायमा अध्ययनको उद्देश्य परिपूर्तिका लागि सङ्कलन गरिएका तथ्याङ्कहरूको विश्लेषण गर्ने काम र त्यसबाट सारतत्व पत्ता लगाउने कार्य गरिएको छ । अध्ययनलाई उचित दिशामा लैजाने उद्देश्यले प्रथमतः सङ्कलित तथ्याङ्कहरूलाई तालिकाबद्ध गर्ने काम गरिएको छ । अध्ययनका लागि प्रयोग गरिएको प्रश्नावलीको आधारमा तथ्याङ्क विश्लेषण गरिएको छ ।

### ४.१ जनसांख्यिक अवस्था

यसमा उत्तरदाताहरूको सामाजिक स्थितिबारे अध्ययन गरिएको छ । जसमा उत्तरदाताहरूले उमेर समूह, जात/जाति, धर्म, भाषा, वैवाहिक स्थिति, परिवारको आकार, प्रजनन विवरण, शैक्षिक स्थिति आदि विविध पक्षको अध्ययन गरी विवरणहरू प्रस्तुत गर्ने र विश्लेषण गर्ने कार्य गरिएको छ । जसलाई अघि रहेका ३ वटा उद्देश्यसँग मिल्ने गरी क्रमशः मिलाएर राखिएको छ । जसलाई फरक फरक नम्बरमा तल उल्लेख गरिएको छ ।

### ४.१.१ उमेर

उमेर एक महत्वपूर्ण जनसाङ्ख्यिक चरित्र हो । जस अन्तर्गत मानिसहरूको जीवन चक्र निर्भर रहन्छ । उमेर एक महत्वपूर्ण पक्ष पनि हो जसको आधारमा नै सम्पूर्ण मानव जीवन लगायत समाजको विकास भएको हुन्छ । उमेरले जुनसुकै कार्य गर्न र अघि बढ्न समेत सघाउ पुऱ्याएको हुन्छ । निर्णय क्षेत्रमा त उमेरको अझ बढी महत्व रहन्छ । तल यस अध्ययनका लागि छनोट गरिएका उत्तरदाताहरूको उमेर समूहलाई पाँच/पाँच (५/५) वर्षले फरक पारेर प्रस्तुत गरिएको छ ।

**तालिका नं. १**

**उमेर अनुसार उत्तरदाताहरूको वर्गीकरण**

| उमेर | संख्या | प्रतिशत (%) |
|---|---|---|
| २०-२५ वर्ष | १ | २% |
| २६-३० वर्ष | १० | २३% |
| ३१-३५ वर्ष | ६ | १५% |
| ३६-४० वर्ष | ७ | १६% |
| ४१-४५ वर्ष | ९ | २१% |
| ४६-५० वर्ष | १० | २३% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

ग्रामीण क्षेत्रमा विभिन्न उमेर समूहका महिलाहरू पाइन्छन् । माथि प्रस्तुत तालिका नं. १ अनुसार जम्मा उत्तरदाताहरू मध्ये २० देखि २५ वर्ष उमेर समूहका २ प्रतिशत २६ देखि ३० वर्ष उमेर समूहका २३ प्रतिशत ३१ दखि ३५ वर्ष उमेर समूहका १५ प्रतिशत ३६ देखि ४० वर्ष उमेर समूहका १६ प्रतिशत ४१ देखि ४५ वर्ष उमेर समूहका २१ प्रतिशत र ४६ देखि ५० वर्ष उमेर समूहका २३ प्रतिशत रहेका छन् । स्थलगत अध्ययनको माध्यमबाट जनाकारी प्राप्त हुँदा यस समाजमा समय परिवर्तनसँगै चेतनाको विकास भएको छ । जसले गर्दा ढिलो विवाह गर्ने प्रचलन बढेको पाइन्छ ।

### ४.१.२ जातीय स्थिति

जात/जातिले सामाजिक संरचनामा महत्वपूर्ण स्थान ओगटको छ । आधुनिकतातिर उन्मुख समाजमा जातीय व्यवस्था कमजोर हुँदै गएको भएतापनि परम्परागत समाजमा मानव जीवन अझै पनि जातीय प्रथाबाट प्रभावित नै भएको पाइन्छ । जात/जातिले गर्दा समाजमा सदस्यहरूको समान स्तर वा क्रम रहेको हुँदैन विविधता रहेको हुन्छ । जात/जाति सामाजिक संरचनाको प्रमखु अंग हो । यसले मानिसको सामाजिक/सांस्कृतिक अवस्थामा पनि निकै प्रभाव पारेको हुन्छ । यस अध्ययनमा उत्तरदाताहरूको जातीय स्थितिलाई तल

तालिकामा प्रस्तुत गरिएको छ । यस अध्ययनमा छनोट गरिएका उत्तरदाताहरू विभिन्न जातका रहेका छन् ।

**तालिका नं. २**

**जात/जाति अनुसार उत्तरदाताहरूको वर्गीकरण**

| उमेर | संख्या | प्रतिशत (%) |
|---|---|---|
| ब्राम्हण | १९ | ४४% |
| क्षेत्री | १५ | ३५% |
| तामाङ | ०४ | ०९% |
| दमाई (दलित) | ०५ | १२% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखित तालिका नं. २ लाई अध्ययन गर्दा उत्तरदाताहरू मध्ये सबैभन्दा बढी ४४ प्रतिशत ब्राम्हण, ३५ प्रतिशत क्षेत्री, ०९ प्रतिशत तामाङ र १२ प्रतिशत दलित ( दमाई) जाति रहेको छ । जसमा अन्य जातिको उपस्थिति छैन । नमूना छनोटमा परेका उत्तरदाताहरूमध्ये सबैभन्दा बढी ब्राम्हण जातिका महिलाहरू हुनुमा ब्राम्हण समुदाय बढी रहनु हो र स्थानीय क्षेत्र छाडेर अन्यत्र नजानु आदि प्रमुख कारणहरू रहेका छन् । भौगोलिक कारणले गर्दा पनि बढी मात्रामा ब्राम्हण र क्षेत्री जातिको बसोबास पाइन्छ । जहाँ बढी मात्रामा आप्रवासी भन्दा पुर्ख्यौली ठाउँमा पुर्ख्यौली सम्पत्तीको नै भोगचलन गर्ने मानिस बढी रहनु पनि हो ।

### ४.१.३ धार्मिक स्थिति

जात/जातिले जस्तै धर्मले पनि व्यक्तिको सामाजिक जीवनमा प्रभाव पारेको हुन्छ । धर्मले मानिसको व्यक्तिगत जीवनलाई मात्र प्रभावित पार्दैन बरु सांस्कृतिक र आर्थिक जीवनमा समेत नियन्त्रण गर्दछ । धर्मको कारणले गर्दा मानिसहरू धर्म विपरीत कार्य गर्दैनन् । यस अध्ययनमा अधिकांश उत्तरदाताहरू हिन्दु रहेका छन् ।

**तालिका नं. ३**

**धर्मको आधारमा उत्तरदाताहरूको वर्गिकरण**

| धर्म | संख्या | प्रतिशत (%) |
|---|---|---|
| हिन्दु | ३८ | ८८% |
| बौद्ध | ३ | ०७% |
| क्रिश्चियन | २ | ०५% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि प्रस्तुत तालिका नं. ३ अनुसार कुल उत्तरदाताहरू मध्ये अधिकांश संख्या ८८ प्रतिशत हिन्दु, बौद्ध ७ प्रतिशत र सबैभन्दा न्यून क्रिश्चियन ५ प्रतिशत मात्र उत्तरदाताहरू रहेको पाइन्छ । यसबाट नुवाकोट तुप्चेका उत्तरदाताहरू बहुसंख्यक ब्राम्हण भएको प्रष्ट हुन्छ । जात र धर्मलाई नछुट्याई उद्देश्यमूलक अनुसन्धान गरिएको हुँदा बढी संख्यामा ब्राम्हण र क्षेत्री उत्तरदाता पर्न गएकोले हिन्दु धर्म अपनाउनेको संख्या बढी रहेको हुन सक्छ ।

### ४.१.४ पारिवारिक स्वरूप

यो एक समाजशासत्रीय अध्ययन भएको हुँदा उत्तरदाताहरूको पारिवारिक स्वरूपको बारेमा पनि चर्चा गरिएको छ । परिवारमा महिलाहरू आर्थिक र निर्णय गर्ने अधिकारमा आत्मनिर्भर भएमा पारिवारिक स्वरूपमा कस्तो प्रभाव पर्छ सो अध्ययन गर्नका लागि उत्तरदाताहरूको परिवारको स्वरूप एकल वा संयुक्त के हो छुट्याइएको छ । उत्तरदाताहरू दुई पारिवारिक स्वरूपमा रहेका छन् । संयुक्त परिवार र एकल परिवार ।

संयुक्त परिवारमा तीन वा तीनभन्दा बढी पुस्ताका सदस्यहरू जस्तै हजुरबुबा, हजुरआमा, बुबा, आमा, काका, काकी र उनीहरूका अविवाहित छोराछोरीहरू सबैसँग एउटै घरमा बस्छन्, एउटै चुलोमा पाकेका खाना खान्छन् र उनीहरूको सम्पत्ति सामूहिक सम्पत्ति हुन्छ । संयुक्त परिवार ग्रामीण क्षेत्रतिर हिन्दु समाजमा बढी पाइन्छ ।

एकल परिवारमा परिवारको आकार सानो हुन्छ जसमा पति पत्नी र उनीहरका अविवाहित छोराछोरी हुन्छन् । आधुनिकतातिर उन्मुख र सहरी क्षेत्रमा एकल परिवारको

संख्या बढी पाइन्छ । संयुक्त परिवारमा बस्ने मानिसहरू आय आर्जन हुने काममा लागेपछि संयुक्त परिवार त्यागी एकल परिवारमा बस्न थालेको पाइन्छ ।

**तालिका नं. ४**

**उत्तरदाताहरूको पारिवारिक स्वरूप**

| पारिवारिक स्वरूप | संख्या | प्रतिशत (%) |
|---|---|---|
| संयुक्त | २६ | ६०% |
| एकल | १७ | ४०% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

प्रस्तुत तालिका नं. ४ अनुसार उत्तरदाताहरू मध्य दुई पारिवारिक स्वरूपमा रहेका छन् । कुल उत्तरदाताहरू मध्ये ६० प्रतिशत संयुक्त परिवार र ४० प्रतिशत एकल परिवारमा रहेका छन् । उत्तरदाताहरू ग्रामीण क्षेत्रमा बसोबास गर्ने र रोजगारीमा बढी मात्रामा महिला संलग्न नलागेका हुनाले प्रायः गरेर उनीहरू संयुक्त परिवारमा बसेको पाइन्छ । उमेर समूहले पनि यसलाई प्रभाव पारेको पाइन्छ । किनकि यस अध्ययनमा उत्तरदाताहरू प्रायः जसो २६ देखि ३० र ४६ देखि ५० वर्ष सम्मका विवाहित बढी रहेको पाइन्छ । बढी मात्रामा संयुक्त परिवार हुनुको कारण ग्रामीण समाज हुनुको साथै बढी मात्रामा महिलाहरूको २६-३० र ४६-५० वर्ष उमेर समुह रहनु नै हो । जसमा ढिलो विवाह गर्नाले एउटै परिवारमा बस्दै आउनु हो र विवाह पछि जयजन्म हुनुको कारणले गर्दा पनि बढी मात्रामा संयुक्त परिवार रहेको पाइन्छ ।

### ४.१.५ परिवारको आकार

हिजो आज खास गरेर ग्रामीण र सहरी क्षेत्रमा परिवारको आकारमा निरन्तर परिवर्तन आएको पाइन्छ । वर्तमान परिस्थितिमा परिवारको सदस्य संख्या घट्दै गएको पाइन्छ । विवाह पश्चात् श्रीमान, श्रीमतीहरू खास गरी दुवै रोजगारीमा लागेकाहरू संयुक्त परिवार त्यागी छुट्टै बस्ने प्रवृत्ति बढ्दै गएको अवस्था छ । यसका साथै हिजोआज महिलाहरू एक वा दुई मात्र सन्तान जन्माउने हुनाले परिवारको अकार सानो भएको पाइन्छ तर

गाम्रीण क्षेत्रमा संयुक्त परिवार अझै पनि कायमै रहेको हुनाले उत्तरदाताहरको परिवारको आकार ठूलो भएको पाइन्छ । उत्तरदाताहरूको परिवारको आकार के कस्तो छ सामाजिक स्थिति बुझ्न तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५**

**उत्तरदाताहरूको परिवारकको आकार**

| परिवारको संख्या | संख्या | प्रतिशत (%) |
|---|---|---|
| १-२ | ३ | ७% |
| ३-४ | १४ | ३३% |
| ५-६ | २० | ४७% |
| ७-८ | ५ | १२% |
| ८ भन्दा माथि | १ | २% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखित तालिका नं. ५ अनुसार उत्तरदाताहरू मध्ये परिवारको संख्या ५-६ हुने उत्तरदाताहरू सबैभन्दा बढी ४७ प्रतिशत र त्यसपछि ३-४ हुने ३२ प्रशित ७-८ हुने संख्या १२ प्रतिशत १-२ हुने संख्या ७ प्रतिशत र सबैभन्दा कम हुने ८ भन्दा बढी संख्या हुने २ प्रतिशत मात्र रहेको पाइन्छ । यस अध्ययनले सम्पूर्ण उत्तरदाताहरू निर्णय अधिकारमा संलग्न भएका र स्वास्थ्य सम्बन्धी जनचेतनाको कारण कम बच्चा जन्माउन थालेको हुनाले सानो परिवार हुने उत्तरदाताहरू बढी पाइएको हो । जसको कारण धेरै जसो परिवारमा कम बच्चा जन्माउनु नै हो ।

### ४.१.६ घरायसी कामकाज वा खानाको व्यवस्था

घर एउटा त्यस्तो ठाउँ हो जहाँ विभिन्न सदस्यहरू रहेका हुन्छन् । जसमा भएका कामहरूलाई कस कसले गर्ने भन्ने कुरा नियमित रूपमा बाँडफाँड गरिएको हुन्छ । जसमा मुख्य रूपमा घर भित्रको काम महिलाले गर्ने अधिकार प्रधान गर्दछन् । जसमा काम मात्र गर्ने तर निर्णय बढी मात्रामा पुरूषले गर्ने गरेको पाइन्छ । घरायसी काम भन्नाले खाना पकाउने, लुगा धुने, पशुहरूको हेरविचार गर्ने, घर सफा गर्ने, बच्चाहरूको सरसफाइ आदि

गर्नु भन्ने बुझिन्छ । जसमा थोरै मात्रामा पुरुषको संलग्नता पाइन्छ तर बढी मात्रामा महिलाहरू संलग्न हुने गर्दछन् तर निर्णय चाहिँ पुरुषले नै गर्ने गर्दछन् । जसको काम मात्र महिलाले संचालन गरेका हुन्छन् । यस्ता किसिमका घरायसी कार्यमा थोरै मात्र ग्रामीण क्षेत्रमा पुरुषहरूले सहयोग गरेको पाइन्छ । त्यसैले यस ग्रामीण क्षेत्रमा कसले निर्णय गर्ने गर्दछन् भन्ने पत्ता लगाउन यस प्रश्नको प्रयोग गरेर उत्तरदाताहरूबाट प्रस्तुत तालिकामा थाहा पाउनका लागि तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६**

**घरायसी कामकाज व्यवस्था सम्बन्धमा**

| काम गर्ने व्यक्ति | संख्या | प्रतिशत (%) |
|---|---|---|
| पुरूष | १६ | ३७% |
| महिला | २३ | ५४% |
| दुवै | ४ | ०९% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखित तालिका नं. ६ अनुसार कुल उत्तरदाताहरू मध्ये उत्तरदाताहरू महिला भएकाले यसमा घरभित्रको काम खानाको व्यवस्था गर्नेमा बढी महिला नै सहागी रहेका छन् । घर भित्रको काम महिलाले गर्ने मान्यता रहेको समाज हुनाले उत्तरदाताहरू सबैभन्दा बढी ५४ प्रतिशत महिला छन् भने पुरूषले घर भित्रको काम गर्ने व्यवस्था रहेको जम्मा ३७ प्रतिशत र दुवै मिलेर घरायसी कामकाज वा खाना बनाउने गरेको जम्मा ९ प्रतिशत मात्र रहेका छन् ।

### ४.१.७ आर्थिक अवस्था

आर्थिक अवस्था विकासको मुख्य मेरूदण्डको रूप मानिन्छ । यसमा उत्तरदाताहरूको आर्थिक अवस्थाबाटै उनीहरूको पारिवारिक पेशागत विवरण तथा पारिवारिक आम्दानीमा संलग्नता, अन्न उत्पादन, घर जग्गा माथिको स्वामित्व, रोजगारीको स्थिति र महिलाको निर्णय गर्ने अवस्था आदि विविध कुराहरू अध्ययन गरी प्रस्तुत गरिएको छ ।

### ४.१.७.१ उत्तरदाताको आर्थिक संलग्नता

नेपाल विकास उन्मुख मुलुक भएकोले यहाँ मानिसहरू रोजगारीमा संलग्न रहे र आर्थिक उपार्जन गर्ने गरेको पाइन्छ । जसमा यस ग्रामीण क्षेत्र भएकोले बढी मात्रामा आर्थिक उपार्जन हुने कार्यमा पुरूषको संलग्नता पाइन्छ । यसमा महिलाको संलग्नता के कति छ भन्ने पत्ता लगाउन तल तालिकामा उत्तरदाताहरूको संलग्नतालाई देखाइएको छ ।

**तालिका नं. ७**

**उत्तरदाताहरूको आर्थिक संलग्नता**

| संलग्न व्यक्ति | संख्या | प्रतिशत (%) |
|---|---|---|
| महिला | १ | २% |
| पुरूष | २३ | ५४% |
| दुवै | १९ | ४४% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखित तालिका नं. ७ अनुसार कुल उत्तरदाताहरू मध्ये उत्तरदाताहरू आफैले आर्थिक उपार्जनमा संलग्न भएको अत्यन्त न्यून छन् । पुरूष प्रधान समाज भएको हुनाले बढी मात्रामा आर्थिक उपार्जनमा पुरूषहरू सबैभन्दा बढी ५४ प्रतिशत रहेका छन् भने महिला संलग्न भएको जम्मा २ प्रतिशत रहेको छ त्यस्तै दुबैको संलग्नता भएको ४४ प्रतिशत रहेको छ । जसले के देखाउँछ भन्ने ग्रामीण क्षेत्रका महिलाहरू घर बाहिरको काम वा आर्थिक उपार्जन हुने कार्यमा स्वतन्त्र रहेका छैनन् ।

### ४.१.७.२ उत्तरदाताहरूको पेशागत विवरण

नेपाल कृषि प्रधान देश भएकोले अधिकांश नेपालीको प्रमुख पेशा कृषि रहेता पनि अन्य विभिन्न पेशाहरू जस्तै नोकरी, व्यापार, उद्योग, शिक्षण आदि पनि उनीहरूले अंगालेका पेशा हुन् । तल प्रस्तुत तालिकामा उत्तरदाताहरूको पारिवारिक व्यवसायलाई देखाइएको छ ।

### तालिका नं. ८

### उत्तरदाताहरूको पारिवारिक पेशागत विवरण

| पेशा | संख्या | प्रतिशत (%) |
|---|---|---|
| कृषि | ७ | १६% |
| नोकरी | २२ | ५२% |
| व्यापार | १० | २३% |
| अन्य | ४ | ०९% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखित तालिका नं. ८ अनुसार जम्मा उत्तरदाताहरूको पारिवारिक व्यवसाय मध्ये सबैभन्दा बढी ५२ प्रतिशत उत्तरदाताहरूको परिवार नोकरीमा, २३ प्रतिशत व्यापारमा, १६ प्रतिशत कृषिमा र ९ प्रतिशत अन्य पेशामा रहेका छन् । यसबाट के प्रष्ट हुन्छ भने ग्रामीण क्षेत्रका उत्तरदाताहरू भएको हुनाले नोकरी र व्यापार पेशा भएका उत्तरदाताहरूको परिवार उच्च संख्या छन् भने अन्य न्यून संख्यामा रहेका छन् ।

## ४.२ विवाहको स्वरूप

नेपाली समाज हिन्दु समाज भएकोले यहाँ प्रायः गरेर विवाह गर्दा पूर्ण रूपमा बुबा आमाको इच्छा अनुसार गर्ने गरिन्छ । तर पनि कतिपय सम्बन्धमा आज आधुनिक समाजको प्रभावले गर्दा मागीको साथै प्रेम विवाह पनि गर्ने प्रचलन बढ्दो छ । जसले गर्दा भागी विवाह समेत गर्ने गरेको पाइन्छ । भागी विवाह गर्नुको मुख्य कारण उनीहरूको परिवारले स्वीकार नगर्नु र उनीहरू एक अर्का बीचमा छुटेर बस्न नसक्नु नै हो । जहाँ महिला गरिव परिवारकी र पुरुष धनी परिवारको रहनु नै हो । जसले गर्दा उत्तरदाताहरूको विवाह गर्ने प्रचलन के कस्तो छ सामाजिक स्थिति बुझ्न तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९**

**उत्तरदाताहरूको विवाहको स्थिति**

| विवाहको स्वरूप | संख्या | प्रतिशत (%) |
|---|---|---|
| मागी | ३७ | ८६% |
| प्रेम | ५ | १२% |
| भागी | १ | २% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखित तालिका नं. ९ अनुसार उत्तरदाताहरू मध्ये मागी विवाह गर्ने उत्तरदाताहरू सबैभन्दा बढी ८६ प्रतिशत र सबैभन्दा कम संख्या भागी विवाह गर्ने रहेका छ जसमा २ प्रशित मात्र देखिन्छ । मागी विवाह बढी हुनुको मुख्य कारण विगतको समयमा छिटो विवाह गर्नु मुख्य कारण हो । जसमा छोरीलाई रजस्वला हुनु भन्दा अघि नै विवाह गर्नु पर्दछ । जसले गर्दा स्वर्ग जान पाइन्छ भन्ने मान्यता रहनु हो । पछि समय परिवर्तनसँगै यो सोचाइमा परिवर्तन हुन पुग्यो जसको कारण विवाहको उमेरमा परिवर्तन हुन आयो । प्रेम विवाह गर्ने व्यक्तिहरूलाई परिवारका सदस्यहरूले स्विकार गरेको पाइन्छ । जसमा प्रेम विवाह हुनुको कारण सँगै पढ्ने वा काम गर्ने भएर भएको पाइन्छ ।

### ४.२.१ विवाहको उमेर

नेपाली समाज हिन्दु समाज भएकोले सानै उमेरमा छोरीको कन्यादान गरेमास्वर्ग गइन्छ भन्ने उखान छ जसले गर्दा रजस्वला नभई विवाह गर्ने चलन पनि छ । पहिलाको तुलनामा आजकल विवाहको उमेरमा थोरै मात्र भए पनि परिवर्तन आएको पाइन्छ । जसमा पहिला ६, ७ वर्षमा गरिन्थ्यो भन्ने अहिले अलि पछि गर्ने प्रचलन आएको छ जसले प्रजनन दर कम हुँदै गएको छ । बालबच्चाको संख्या कम भएका छ जसले जनसङ्ख्या नियन्त्रणमा समेत सघाउ पुऱ्याएको छ । उत्तरदाताहरूको विवाहको उमेर के कस्तो छ सामाजिक स्थिति बुझ्न तल तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं. १०**

**उत्तरदाताहरूको विवाहको उमेर**

| विवाहको उमेर | संख्या | प्रतिशत (%) |
|---|---|---|
| १५ वर्षभन्दा कम | १७ | ४०% |
| १६ वर्षदेखि ३० वर्ष | २५ | ५८% |
| ३१ वर्ष भन्दा माथि | १ | २% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि प्रस्तुत तालिका नं १० अनुसार कुल उत्तरदाताहरू मध्ये अधिकांश बढी ५८ प्रतिशत १६ वर्ष देखि ३० वर्ष भित्र विवाह गर्ने, ४० प्रतिशत १५ वर्ष भन्दा कम उमेरमा विवाह गर्ने छन् भन्ने २ प्रतिशत मात्र उत्तरदाताहरू मात्र ३१ वर्ष भन्दा बढी उमेरमा विवाह गर्ने रहेको छ । १६ वर्ष भन्दा कम उमेरमा विवाह गर्नुको मुख्य कारण आर्थिक अवस्था कमजोर रहनु र अशिक्षा नै हो । जुन परिवारमा आर्थिक अवस्था कमजोर छ त्यस्ता परिवारका सदस्याहरू कम शिक्षित रहेको पाइयो जसको कारण उनीहरूले छोरीलाई पढायो भने बढी दाइजो दिनु पर्दछ भनेर कम उमेरमा नै विवाह गरिदिएको पाइन्छ । त्यस्तै गरेर एक जना महिलाको ३० वर्ष भन्दा माथि विवाह गर्नुको मुख्य कारण उनी रोजगारीमा संलग्न हुनु र उनीको परिवार शिक्षित हुनु नै हो । जसमा उनीले आफ्नो पढाइ सकेर रोजगारीमा संलग्न भई आर्थिक रूपमा सक्षम भएर विवाह गर्ने इच्छा राखेको कारणले गर्दा उनीले ढिलो विवाह गरेको पाइन्छ । नमूना छनोटमा परेका उत्तरदाताहरू मध्ये सबैभन्दा बढी १६ वर्षदेखि ३० वर्ष उमेर समूहका रहनुको कारण मागी विवाह रहेको पाइन्छ ।

### ४.२.२ प्रजनन विवरण

प्रजनन भन्नाले पुरूष र महिलाको अर्थात् दम्पत्तिको सन्तान उत्पादन कार्यलाई जनाउँछ । चाँडो विवाह गर्ने प्रचलनले गर्दा नेपाली महिलाहरूको प्रजनन दर दक्षिण एसियाली मुलुकमा नै उच्च रहेको छ । प्रस्तुत अध्ययनमा उत्तरदाताहरूको प्रजनन स्थितिलाई तलको तालिकामा देखाइएको छ ।

## तालिका नं. ११

## प्रजनन संख्या अनुसार उत्तरदाताहरूको वर्गीकरण

| प्रजनन संख्यामा | संख्या | प्रतिशत (%) |
|---|---|---|
| १ बच्चा जन्माउने | १० | २४% |
| २ बच्चा जन्माउने | १५ | ३५% |
| ३ बच्चा जन्माउने | १० | २४% |
| ३ भन्दा बढी | ६ | १३% |
| भर्खर विवाहित | १ | २% |
| बच्चा नभएका | १ | २% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि प्रस्तुत तालिका नं. ११ अनुसार जम्मा उत्तरदाताहरूमध्ये २ बच्चा जन्माउने उत्तरदाताहरू सबैभन्दा बढी ३५ प्रतिशत, ३ बच्चा जन्माउने उत्तरदाताहरू २४ प्रतिशत १ बच्चा जन्माउने २४ प्रतिशत, ३ भन्दा बढी बच्चा जन्माउने १३ प्रतिशत भर्खर विवाह गर्ने २ प्रतिशत र बच्चा नभएका उत्तरदाताहरू २ प्रतिशत रहेको पाइन्छ । सबै उत्तरदाताहरू ग्रामीण क्षेत्रमा बस्ने र उनीहरूमा प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षा भएको हुनाले र उमेर पुगेपछि विवाह गर्ने भएको हुनाले र पारिवारिक खर्च धान्न गाह्रो पर्ने आर्थिक कारणले गर्दा प्रजनन दर कम भएको पाइन्छ ।

## तालिका नं. १२

## बच्चा इच्छा वा करकापमा परेर पाउने उत्तरदाताहरूको स्थिति

| स्थिति | संख्या | प्रतिशत (%) |
|---|---|---|
| इच्छा | ३८ | ८८% |
| करकाप | १ | २% |
| आकस्मिक | ४ | १०% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि प्रस्तुत तालिका नं. १२ अनुसार जम्मा उत्तरदाताहरू मध्ये सबैभन्दा बढी ८८ प्रतिशत उत्तरदाताहरूले आफ्नो इच्छाले बच्चा जन्माएका छन् भन्ने २ प्रतिशत उत्तरदाताले करकापमा जन्माएका छन् र १० प्रतिशतको आकस्मिक रूपमा गर्भधारण रहेका छन् । सबै उत्तरदाताहरूले प्रजनन स्वास्थ्य सम्बन्धी ज्ञानका कारण इच्छापूर्वक बच्चा जन्माएका हुन् ।

**तालिका नं. १३**

**अर्को बच्चा जन्माउन चाहने वा नचाहने आधारमा उत्तरदाताहरूको स्थिति**

| चाहने/नचाहने | संख्या | प्रतिशत (%) |
|---|---|---|
| चाहन्छु | ९ | २१% |
| चाहन्न | ३२ | ७४% |
| अन्य | २ | ०५% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखित तालिका नं. १३ अनुसार जम्मा उत्तरदाताहरू मध्य अर्को बच्चा जन्माउन नचाहने उत्तरदाताहरू सबैभन्दा बढी ७४ प्रतिशत रहेका छन् भने अर्को बच्चा जन्माउन इच्छुक उत्तरदाताहरू २१ प्रतिशत मात्र रहेका छन् र ५ प्रतिशत उत्तरदाताहरूबाट यसको उत्तर नआएको छ । प्रस्तुत तालिकाबाट अर्को बच्चा जन्माउन नचाहने उत्तरदाताहरू बढी हुनाको कारण उनीहरू काममा व्यस्त रहनु र प्रजनन शिक्षाको कारणले हो । प्रजनन् शिक्षाको कारणले कम बच्चा जन्माउने इच्छा राखेका हुन् जसको कारणले जनसंख्या बृद्धिदरलाई न्यून गरेको पाइन्छ र बच्चाको स्याहार सुसार र शिक्षामा बढी समय दिएको पाइन्छ । जसले गर्दा गुणस्तरीय जीवन विताउन सहयोग गरेको पाइन्छ ।

### ४.२.३ परिवार नियोजन

परिवार नियोजन कार्यक्रमलाई परिवार योजना कार्यक्रम वा परिवार कल्याण कार्यक्रम पनि भनिन्छ । जथाभावी जन्मने परिवारको संख्यालाई सीमित गर्नुलाई नै परिवार नियोजन भनिन्छ अर्थात् आफ्नो आय स्रोत अनुसार स्व इच्छाले बच्चा जन्माइसकेपछि पुनः बच्चा नपाउनको लागि अपनाइने विभिन्न योजनालाई नै परिवार नियोजन भनिन्छ । प्रस्तुत अध्ययनमा उत्तरदाताहरूको परिवार नियोजनलाई तलको तालिकामा देखाइएको छ ।

## तालिका नं. १४

## परिवारि नियोजन पद्धति अपनाउने वा नअपनाउने आधारमा उत्तरदाताहरूको स्थिति

| अपनाउने/नअपनाउने | संख्या | प्रतिशत (%) |
|---|---|---|
| अपनाउने | ३९ | ९१% |
| नअपनाउने | ३ | ०७% |
| उत्तर नआएको | १ | ०२% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखित तालिका नं. १४ ले उत्तरदाताहरू मध्ये परिवार नियोजन पद्धति अपनाएका उत्तरदाताहरू ९१ प्रतिशत र यो पद्धति नअपनाएका उत्तरदाताहरू कम ७ प्रतिशत मात्र रहेका छन् भने २ प्रतिशत उत्तरदाताहरूबाट उत्तर आएन । नियोजित तथा सानो परिवारको चाहना राख्ने सचेत उत्तरदाता भएको कारणले यो पद्धति अपनाउने उत्तरदाताहरू बढी र नअनाउनेहरूको संख्या कम रहेको हो ।

## तालिका नं. १५

## उत्तरदाताहरूको अपनाएका परिवार नियोजनका विधिहरूको विवरण

| पद्धतिको किसिम | संख्या | प्रतिशत (%) |
|---|---|---|
| स्थायी | २५ | ५८% |
| अस्थायी | १४ | ३३% |
| उत्तर नआएको | ०४ | ०९% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखित तालिका नं. १५ बाट के प्रष्ट हुन्छ भने जम्मा उत्तरदाताहरू मध्ये ५८ प्रतिशत उत्तरदाताहरूले परिवार नियोजनको स्थायी पद्धति अपनाएका छन् भने ३३ प्रतिशत उत्तरदाताहरूले अस्थायी पद्धति अपनाएको पाइन्छ । जसमा ९ प्रतिशत उत्तरदाताहरूबाट यसको उत्तर नआएको पाइन्छ । परिवार नियोजनको साधनको कारणले पनि बच्चा जन्माउने इच्छामा महिलाहरूले कतिको निर्णय गर्न सक्दछन् र साधनको प्रयोग गर्ने क्रममा उनीहरूको भूमिका कस्तो छ भनेर थाहा पाउन सहयोग गर्दछ । अन्तर्वार्ताको माध्यमबाट के पत्ता लगाइयो भने शिक्षित महिलाहरूको परिवार नियोजनको साधन प्रयोग

गर्ने क्षेत्रमा बढी सजग रहेका र निरक्षर महिलाहरूको सहभागीता नरहेको पाइयो । स्थायी परिवार नियोजन गर्ने सल्लाह बढी मात्रामा शिक्षित महिलाहरूले राखेको पाइयो ।

**तालिका नं. १६**

**परिवार नियोजनको साधन प्रयोग गर्नेको विवरण**

| साधन प्रयोग गर्ने | संख्या | प्रतिशत (%) |
|---|---|---|
| महिला | ०४ | ०९% |
| पुरूष | ३५ | ८२% |
| उत्तर नआएको | ०४ | ०९% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखित तालिका नं. १६ बाट के प्रष्ट हुन्छ भने जम्मा उत्तरदाताहरू मध्ये परिवार नियोजनको साधन प्रयोग गर्ने पुरूष ८२ प्रतिशत छन् भने महिला ०९ प्रतिशत रहेको पाइन्छ । जसमा ०९ प्रतिशत उत्तरदाताहरूबाट यसको उत्तर नआएको पाइन्छ ।

**तालिका नं. १७**

**परिवार नियोजनको साधन प्रयोग गर्ने निर्णय पहिला कसले**

| प्रयोग गर्ने निर्णय | संख्या | प्रतिशत (%) |
|---|---|---|
| महिला | १० | २३% |
| पुरूष | २८ | ६५% |
| दुवै | ०२ | ५% |
| उत्तर नआएको | ०३ | ७% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखित तालिका नं. १७ बाट के प्रष्ट हुन्छ भन्ने ग्रामीण भेग भएकोले पुरूषहरू महिलाको तुलनामा बढी शिक्षित र सजक रहेको पाइन्छ । जसमा विभिन्न निर्णय गर्ने क्रममा पुरूषले गरेको पाइन्छ । यसै गरी परिवार नियोजनको साधन प्रयोग गर्ने सल्लाह दिनेमा पुरूष ६५ प्रतिशत छन् भन्ने महिला २३ प्रतिशत त्यसैगरी दुवैको सल्लाहमा

०५ प्रतिशत रहेको पाइन्छ । जसमा ०७ प्रतिशत उत्तरदाताहरूबाट यसको उत्तर नआएको पाइन्छ । शिक्षित महिलाहरूको हकमा पहिला महिलाले सल्लाह दिने गरेको पाइन्छ । तर निरक्षर महिलाहरूको हकमा पुरुषले नै सल्लाह दिने गरेको पाइन्छ ।

### ४.२.४ स्वास्थ्य सुरक्षा

स्वास्थ्य भन्नाले कुनै पनि मानिस जन्मिएपछि उसले स्वस्थ वा निरोगी रहेर बाँच्नु भन्ने बुझिन्छ । जसको नियमित रूपमा जाँच गरिरहनु भन्ने हुन्छ । यसै गरी कुनै परिवारमा केही विरामी परेमा कसले अस्पताल लैजाने गर्दछन् भन्ने कुरा थाहा पाउन सकिन्छ । प्रस्तुत अध्ययनमा उत्तरदाताहरूको परिवारमा बिरामी परेमा अस्पताल कसले लाने निर्णय गर्दछन् भन्ने कुरालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १८**

**बालबच्चा विरामी परेमा अस्पताल लानेको विवरण**

| अस्पताल लैजाने | संख्या | प्रतिशत (%) |
|---|---|---|
| महिला | ०८ | १९% |
| पुरूष | ०९ | २१% |
| दुवै | २४ | ५६% |
| उत्तर नआएको | ०२ | ०४% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखति तालिका नं. १८ बाट के प्रष्ट हुन्छ भने जम्मा उत्तरदाताहरू मध्ये ५६ प्रतिशत उत्तरदाताहरूले बालबच्चा बिरामी परेमा दुवैको सल्लाहले औषधी खुवाउने वा अस्पताल लैजाने गरेको पाइन्छ भन्ने २१ प्रतिशत पुरूष, त्यसैगरी १९ प्रतिशत महिला रहेको पाइन्छ । त्यसैगरी ४ प्रतिशत उत्तरदाताहरूबाट यसको उत्तर नआएको पाइन्छ ।

### ४.२.५ भू-स्वामित्वको स्थिति

नेपालको सन्दर्भमा कृषि उत्पादनमा महिलाहरूको योगदान महत्वपूर्ण रहेका छ तापनि भूमि माथि उनीहरूको स्वामित्व भने धेरै नै कम रहेको पाइन्छ । पैतृक सम्पत्ति

माथि महिलाहरूको अधिकार नभएको कारण धेरै जसो महिलाहरूको आफ्नो नाउँमा जमिन नभई परिवारका अन्य सदस्यहरूको नाउँमा रहेको जमिनले नै उनीहरूको आर्थिक स्थिति झल्केको पाइन्छ । जमिन मानिसको सम्पत्ति झल्काउने बलियो र महत्वपूर्ण आधार भएको हुँदा उत्तरदाताको भू-स्वामित्वको स्थिति के कस्तो छ तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १९**

**भूस्वामित्वको आधारमा उत्तरदाताहरूको वर्गीकरण**

| जग्गा | उत्तरदाताहरूको संख्या | प्रतिशत (%) |
|---|---|---|
| महिला | ६ | १४% |
| पुरूष | ३२ | ७४% |
| दुवै | ०५ | १२% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि प्रस्तुत तालिका नं. १९ अनुसार कुल उत्तरदाताहरू मध्ये जग्गा ७४ प्रतिशत पुरूषको नाममा, १४ प्रतिशत महिलाको नाममा र सबैभन्दा न्यून दुवैको नाममा रहेको पाइयो । माथि उल्लेखित तालिकाबाट के प्रष्ट हुन्छ भने आफ्नो नाममा जग्गा नभएका महिलाहरू अझै पनि बढी समय कृषिमा खर्चिरहेको पाइन्छ । महिलालाई भन्दा पुरूषलाई बढी महत्व दिने समाज भएको र पैतृक सम्पत्ति माथि छोराको हक रहने परम्पराले गर्दा यस्तो स्थिति सिर्जना भएको हो । पुर्ख्यौली सम्पत्ती बढी मात्रामा पुरुषको नाममा छ । जहाँ अशिक्षाको कारणले गर्दा महिलाको नाममा सम्पत्ती दिनु हुन्न भन्ने मान्यता राख्दछन् तर अहिले शिक्षाको विकासले गर्दा शिक्षितहरूले महिलाको नाममा जग्गा पास गरेमा राजस्व कम लाग्ने हुनाले महिलाको नाममा थोरै जग्गा पास गर्ने गरेको पाइन्छ । अन्तर्वार्ताको माध्यमबाट व्यक्तिगत अध्ययन गर्दा महिलाको जग्गा माथि बढी मात्रामा स्वामित्व रहेको छैन तर स्वामित्व रहेता पनि अत्यन्त न्यून मात्रामा पाइन्छ । श्रीमानको मृत्यु पश्चात् मात्र श्रीमतीको नाममा जग्गा रहेको पाइन्छ ।

**तालिका नं. २०**

**उत्तरदाताहरूको भू-स्वामित्व सम्बन्धी विवरण**

| जमीन रोपनी | संख्या | प्रतिशत (%) |
|---|---|---|
| १ देखि ३ | ०८ | १९% |
| ४ देखि ६ | ०२ | ०५% |
| ६ भन्दा बढी | ०१ | ०२% |
| उत्तर नआएको | ३२ | ७४% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि प्रस्तुत तालिका नं. २० अनुसार जम्मा उत्तरदाताहरू मध्ये १ देखि ३ रोपनीसम्म जमीन भएका उत्तरदाताहरू सबैभन्दा बढी १९ प्रतिशत ४ देखि ६ रोपनीसम्म जमीन भएका ०५ प्रतिशत ६ भन्दा बढी रोपनी हुने २ प्रतिशत र १ रोपनी भन्दा कम जमिन हुने नभएको र सबैभन्दा बढी ७४ प्रतिशत उत्तरदातासँग उत्तर आएन । बहुसंख्यक उत्तरदाताहरूबाट उत्तर नआउनुको मुख्य कारण सम्पत्तीमा उनीहरूको स्वमित्व नरहनु हो । जुन सम्पत्ती ससुरा, बुढो ससुराहरूको नाममा रहेको छ । जसको पूर्ण जानकारी महिलाहरूलाई छैन त्यसै कारणले महिलाहरूले उत्तर दिन हिचकिचाएका छन् ।

## ४.३ वैवाहिक स्थिति

सामान्य अर्थमा विवाह भन्नाले महिला र पुरूषबीच दापत्य सम्बन्ध कायम गर्ने कार्य अथवा महिला र पुरूष बीच पति पत्नीको नाता जोड्नुलाई विवाह भनिन्छ ।

वैवाहिक स्थितिले महिलाको सामाजिक अवस्था दर्शाउँछ । विवाह एक यस्तो प्रक्रिया हो जसले महिलाहरूलाई जन्म पश्चात् एक छोरीको स्तरमा मात्र नराखी भाउजु, बुहारी, आमा, पत्नी आदिको स्तरमा पनि कायम राख्छ । विवाहपछि महिलाहरूको हैसियत तथा भूमिकामा पनि परिवर्तन आई उनीहरूको कर्तव्य जिम्मेवारीका साथै कार्यभार समेत बढ्दछ ।

**तालिका नं. २१**

**वैवाहिक स्थिति अनुसार उत्तरदाताहरूको वर्गीकरण**

| वैवाहिक | संख्या | प्रतिशत (%) |
|---|---|---|
| विवाहित | ४० | ९३% |
| विधवा | २ | ०५% |
| छुट्टिएर बसेको | १ | ०२% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि प्रस्तुत तालिका नं. २१ बाट के थाहा पाइन्छ भने यस अध्ययनमा छनोट भएको उत्तरदाताहरू मध्ये धेरै जसो ९३ प्रतिशत उत्तरदाताहरू विवाहित ५ प्रतिशत विधवा र कम संख्यामा २ प्रतिशत छुटिएर बसेको रहेका छन् । जसमा श्रीमान र श्रीमती बीचको आपसी सम्बन्ध नराम्रो भएको कारणले उनीहरू छुट्टिएर बसेका छन् । श्रीमान बढी मात्रामा रक्सी खाने र तास खेल्ने र काममा नजाने भएकोले उनीहरू छुट्टिएर बसेको पाइन्छ । यी ४३ जना महिलाहरू मध्ये धेरै जसो परिवारको आर्थिक अवस्था मध्यम खालको रहेको पाइन्छ । तर कमै मात्रको न्यून अवस्थाको रहेको छ । न्यून आर्थिक अवस्था रहेका महिलाको परिवारहरू ज्यालादारी गरेर आफ्नो जीवन निर्वाह गर्ने गर्दछन् । जसमा उनीहरूको नाममा जग्गा नरहेको पाइन्छ । यसमा विवाहित महिलालाई मात्र उत्तरदातामा सामेल गरिएको छ । अध्ययन गरिएको ठाउँ गाउँ भएकोले यसमा बढी मात्रामा महिला घरायसी कार्यमा संलग्न हुने गरेको पाइन्छ ।

## ४.३.१ शैक्षिक स्थिति

शिक्षा मानव विकासको आधारस्तम्भ हो । त्यसैले शैक्षिक स्थितिले मानवको अवस्था, भूमिका र विकासमा प्रभाव पारेको हुन्छ । शैक्षिक अवस्था अनुसार मानवको सामाजिक, आर्थिक अवस्था निर्धारित भएको र फरक फरक रहेको हुन्छ । प्रस्तुत अध्ययन ग्रामीण क्षेत्र भएकोले उत्तरदाताहरूले आफ्नो बच्चाको शिक्षामा कतिको समय कसले बिताउँदा रहेछन् भन्ने थाहा पाउनका लागि उनीहरूको योगदानलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. २२

### बच्चाको शिक्षाको निमित्त बढी सिमय दिने

| समय दिने | संख्या | प्रतिशत (%) |
|---|---|---|
| महिला | ८ | १९% |
| पुरूष | १२ | २८% |
| दुवै | २१ | ४९% |
| उत्तर नआएको | ०२ | ०४% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखित तालिका नं. २२ अनुसार कुल उत्तरदाताहरू मध्ये बच्चाको शिक्षामा बढी समय दुवैले लगाएका छन् । जसमा दुवैले समय दिनेमा ४९ प्रतिशत त्यसै गरी पुरूषको २८ प्रतिशत महिलाले १९ प्रतिशत संलग्नता रहेको पाइन्छ । १९ प्रतिशत महिला बच्चाको शिक्षामा संलग्न हुनुको कारण उनीहरू शिक्षित हुनु र श्रीमान रोजगारीको लागि अन्यत्र जानु नै हो । जसको कारणले गर्दा महिलाहरू आफ्नो बच्चाको शिक्षामा बढी समय दिने गर्दछन् । त्यसैगरी उत्तर नदिनेमा ४ प्रतिशत रहेको पाइन्छ । जसले गर्दा महिला र पुरूष दुवै आफ्नो बच्चाको शिक्षाको निमित्त चिन्तित नरहेको पाइन्छ ।

### तालिका नं. २३

### कुन विद्यालयमा पढाउने भन्ने निर्णय सम्बन्धमा

| निर्णय | संख्या | प्रतिशत (%) |
|---|---|---|
| महिला | ४ | १९% |
| पुरूष | ५ | १२% |
| दुवै | ३२ | ७५% |
| उत्तर नआएको | २ | ४% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखित तालिका नं. २३ अनुसार कुल उत्तरदाताहरू मध्ये बच्चालाई सामुदायिक वा संस्थागत विद्यालय कुनमा पढाउने भन्ने कुरा दुवैको सरसलहमा गर्ने ७५ प्रतिशत रहेको पाइन्छ, पुरूषले मात्र निर्णय गर्ने १२ प्रतिशत पाइन्छ र महिलाले जम्मा ९ प्रतिशत मात्र निर्णय गर्ने गरेको पाइन्छ । जसमा ४ प्रतिशतबाट उत्तर नआएको पाइन्छ

### ४.३.२ शिक्षामा महिलाको सहभागिता

शिक्षामा महिलाको सहभागिता अपरिहार्य मानिन्छ भन्ने गरिन्छ कि एउटा परिवारमा पुरूष शिक्षित भएमा ऊ मात्र शिक्षित हुन्छ तर महिला शिक्षित भएमा सम्पूर्ण परिवार नै शिक्षित हुन्छ भनिन्छ त्यसै गरी महिलाले कति समय आफ्नो विवाह पश्चात पढाइमा लगाउन सकिन भन्ने थाहा पाउने उद्देश्यले उत्तरदाताहरू समक्ष यो तालिकाको मार्फत पत्ता लगाउने कोसिस गरिएको छ ।

**तालिका नं. २४**

**विवाहपछि पढाइ अघि बढाएको वा नबढाएको सम्बन्धमा**

| विवाह पछि | संख्या | प्रतिशत (%) |
|---|---|---|
| बढाएको | ९ | २१% |
| नबढाएको | २१ | ४९% |
| उत्तर नआएको | १३ | ३०% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखित तालिका नं. २४ अनुसार कुल उत्तरदाताहरू मध्ये उत्तरदाताले विवाहपछि पढाइ अगि नबढाउनेको संख्या ४९ प्रतिशत रहेको पाइन्छ त्यसैगरी उत्तर नआउनेमा ३० प्रतिशत रहेको पाइन्छ र जम्मा विवाहपछि पनि आफ्नो पढाइलाई निरन्तरता दिने उत्तरदाताहरूको संख्या न्यून रहेको पाइन्छ जसमा २१ प्रतिशतले मात्र आफ्नो पढाइ अगाडि बढाएको पाइन्छ । शिक्षामा महिलाको सहभागीता सम्बन्धमा कुरा गर्दा यस ठाउँमा एम.ए. सम्मको आफ्नो शिक्षा पूरा गरी शिक्षण पेशामा रहेका महिलाहरू पाइन्छ । जसले गर्दा ग्रामीण क्षेत्रको महिलाहरू सहरी क्षेत्रको महिलाभन्दा पछि परेको पाइन्छ ।

### ४.३.३ समय अनुसार बाली

नेपाल कृषि प्रधान मुलुक हो । जसमा ९०% भन्दा बढी मानिस कृषिमा संलग्न छन् । अध्ययन गर्नको लागि ग्रामीण क्षेत्रको छनोट गरिएको हुनाले यसमा प्रायःजसो कृषिमा संलग्न व्यक्तिहरू छन् । जसलाई उत्तरदाताहरू मध्ये कसले समय अनुसारको कुन बाली लगाउने भन्ने जान्ने प्रयास गरिएको छ । यस क्षेत्रमा तल्लो भेगमा बढी मात्रामा सिंचाइको सुविधा हुनाले बढी मात्रामा धान, मकै, गहुँ र तरकारी खेती लगाउने गरेको पाइन्छ भने माथिल्लो भेगमा कम मात्रामा सिंचाइको सुविधा भएको कारणले त्यस ठाउँमा कोदो, मकै लगाउने गरेको पाइन्छ । पानीको सिंचाइ भएको ठाउँमा तरकारी बाली जस्तै आलु, मुला, साग, काउली, बन्दा र अन्य तरकारीहरू लगाई आम्दानी गर्न सहयोग पुगेको छ । तल प्रस्तुत तालिकामा उत्तर दाताहरूको बाली कुन लगाउने भन्ने कसले निर्णय गर्छन् देखाउन खोजिएको छ ।

**तालिका नं. २५**

**उत्तरदाताको समय अनुसारको बाली**

| निर्णय गर्ने व्यक्ति | संख्या | प्रतिशत (%) |
|---|---|---|
| महिला | ०७ | १६% |
| पुरूष | ०५ | १२% |
| दुवै | ३१ | ७२% |
| जम्मा | ४३ | १००% |

***स्रोत : स्थलगत अध्ययन, २०६९***

माथि उल्लेखित तालिका नं. २५ अनुसार जम्मा उत्तरदाताहरूको बाली लगाउने निर्णय मध्ये सबैभन्दा बढी ७२ प्रतिशत उत्तरदाताहरू दुवै मिलेर निर्णय गर्ने १६ प्रतिशत महिलाले निर्णय गर्ने र सबैभन्दा कम १२ प्रतिशत मात्र पुरूषले अन्न उत्पादनमा निर्णय गर्ने गरेका छन् । यसबाट के प्रष्ट हुन्छ भन्ने ग्रामीण क्षेत्रका उत्तरदाताहरू भएकोले बढी समय महिलाले काम गर्ने गर्दछन् । जसमा दिनको १४ घण्टा भन्दा बढी उनीहरू आर्थिक रूपमा मूल्याङ्कन नहुने काम गरि रहेका छन् ।

## ४.४. अन्तरवार्ताको माध्यमबाट व्यक्तिगत अध्ययन

**१. झुमा बोगटी**

म झुमा बोगटी ४८ वर्षको भएँ । मेरो घरमा २ जना छौ । म र मेरो छोरो म एकल महिला हुँ । मेरो श्रीमान्को मृत्यु आज भन्दा ४ बर्ष अगाडी भएको हो । मेरो बिबाह आज भन्दा ३४ वर्ष अगाडी भएको हो । मेरो नाममा घर छ र जग्गा धेरै कम मात्रामा छ जसको उत्पादनले मलाई आधा वर्षमात्र खान पुग्छ । मेरो श्रीमान् जागीरे हुनुहुन्थ्यो र उहाँको पेन्शन भएको थियो त्यसैले उहाँको मृत्यु पश्चात पेन्शन महिले लिने गरेको छु । जसले गर्दा घर संचालन र्गन सहयोग मिलेको छ । मेरो घरमा पशुपंछी छैन जसको निर्णय म स्वयम् आफैले गर्ने गर्दछु । घरभित्र कुन र के कस्तो खेतीलगाउने र कहाँ जान्ने र के गर्ने भन्नेकुराको निर्णय मैलेनै गदछु । श्रीमान्छदा उहांले गर्नुहुन्थ्यो तर उहाँको मृत्यु पश्चात त्यस्ता सम्पूर्ण निर्णय म आफैले गर्ने गर्दछु । मेरो छोरो अहीले रोजगारीमा लागेको छ । म निरक्षर हुँ ।

**२. किमा सापकोटा**

म किमा हाल ३६ वर्षको हुँ । महिले एस्.एल्.सी पास गरेको छु । म अहिले व्यापार गरेर बसिरहेको छु । व्यापार र्गनकोलागि पूर्णरूपमा मेरो श्रीमान्को हात छ उहाँले मलाई सामान ल्याउने देखि लिएर मोलको बारेमा समेत जानकारी दिनुहुन्छ । मेरो परिवारमा अहिले ७ जना छौ । म,श्रीमान्,२ छोरी ,१ छोरा ,सासु,ससुरा छौ । मेरो बिबाह १५बर्षको उमेरमा भएको हो हाल बिबाह भएको २१ वर्ष भएको छ । जहाँ मेरो नाममा घर जग्गा छैन । सम्पूर्ण घरजग्गा ससुराको नाममा छ । जग्गाबाट उत्पादन भएकोअन्नले हामीलाई खान पुग्छ । मेरो श्रीमान्पनि व्यापार नै र्गनु हुन्छ । कुन खेती कहिले लगाउने र कुन वस्तु पाल्ने भन्ने कुरा ससुराले निर्णय र्गनुहुन्छ । हामी उहाँको सल्लाहलाई मान्ने गर्दछौ । घरायसी निर्णय अधिकारमा मेरो पूर्णरूपमा हात नभए पनि थोरै मात्रामा मात्र हात रहेको छ । बच्चाको शिक्षादिक्षाको लागी हामी श्रीमान् र श्रीमती बिचमा सल्लाह हुने गर्दछ र दुबैको सल्लाह अनुसार अगाडी बड्ने गर्दछौं । मेरो मागी बिबाह भएको हो । आफ्नो नाममा १ रोपनी भन्दा बढी जग्गा छ । सामान किनमेलको कममा श्रीमान्सँग उहाँलाई सघाउनको लागी जान्ने गर्दछु । हामीले परिवार नियोजनको स्थायी साधनको प्रयोग गरेका छौ जुन मेरो श्रीमान्ले र्गनुभएको छ ।

### ३. रिमा आर्चाय

रिमा समाजमा मध्यम वर्गिय ब्राम्हण परिवारमा जन्मि हुर्किएकी हाल ३१ वर्षीय महिला हुन् । उनी अहिलेआफ्नो परिवारमा बुहारीको स्थानमा रहेकी छिन् । उनले भेटघाटका कममा भनिन् म २०३९ सालमा नुवाकोट जिल्लाको बटा्रमा जन्मिएकी हुँ । त्यतिबेला मेरो पिता पुरोहित हुनुहुन्थ्यो । पुरोहित भएर शिक्षीत भएकैकारणले उहाँले मलाई सधै पढ्न प्रेरणा दिनुहुन्थ्यो । मेरो बिबाह २०६३ सालमा नुवाकोट जिल्लाको तुप्चे गा.वि.स.मा भन्यो । त्यस बेला महिले मेरो पढाइ पुरा गरिसकेको थिए । अहिले मेरो परिवारमा ६ जना हुनुहुन्छ । म, मेरो श्रीमान्, छोरा, छोरी, ससुरा र सासुहुनुहुन्छ । मेरो श्रीमान् एनजीओमा काम गर्नुको साथै पढाउनु हुन्छ । म गाउँको नजिकै रहेको विद्यालयमा शिक्षीका छु । मेरो ससुरा पनि जागिरे हुनुहुन्छ । मेरो छोराअहिले ६ बर्षको छ ऊ महिले पढाउने विद्यालयमा कक्षा १ मा पढ्छ र मेरो आमा घरमा काम र्गनुहुन्छ र छोरी ६ महिनाको छे । जमिनबाट उत्पादन भएको अन्नले हामीलाई खान पुग्छ र आफनै घर छ । मासिक रूपमा ७० हजार आम्दानी हुन्छ । जसबाट हामीले मासिकरूपमा ५० हजार बच्चाउन सक्दछौ । हामीले बटा्र बजारमा ४ आना जग्गा किनेका छौ र नजिकै गाउँमा ६ आना जग्गा पनि किनेका छौ । जुन मेरो नाममा पास गरेको छु । हामीले घरायसी निर्णय गर्दा सबैको सरसल्लाहमा र्गने गर्दछौ । तर घरायसी निर्णय गर्दा मेरो भन्दा बढी श्रीमान् को हात रहन्छ । परिवार नियोजनको प्रयोग र्गने सल्लाह बढी मात्रामा महिले निर्णय र्गने भएकोले महिले श्रीमान्लाई स्थायी परिवार नियोजन र्गन लगाएको छु ।

### ४. रसीका

म रसीका अहिले ३३ बर्षकी भएँ । म दुई छोराको आमा हुँ । मेरो जेठो छोरा अहिले कक्षा १२ मा पढ्छ र कान्छो छोरा १० कक्षामा पढ्छ । मेरो घरम जम्मा ४ जना परिवार छौ । मेरो बिबाह भएको १९ बर्ष भन्यो मेरो बिबाह १४ बर्षको उमेरमा भएको हो । सानैउमेरमा बिबाह गर्दिएको कारणाले महिले पढ्न पाइन्न । ग्रामिण

समाज भएको कारणले म मेरो बुबाआमाको जेठीछोरी भएको कारणले उहाँहरूले मलाई पढ्न पठाउनुभएन्न त्यसैले म निरक्षर छु । मेरो श्रीमान्को आफ्नै गाडी छ उहाँ गाडीमा हिड्नुहुन्छ । घर भित्र देखी बाहिरसम्मका सम्पूर्ण निर्णयहरू गर्ने काम मेरो श्रीमान्ले गर्नुहुन्छ । म निरक्षर भएको कारणले महिले त्यती राम्रोसँग हिसाब किताब र्गन जान्दिन । घरायसी देखि कृषिलगायत अन्य क्षेत्रमा निर्णय गर्ने काम श्रीमान्ले र्गनुहुन्छ । पहिला बच्चा नहुदात म बोल्न समेत डराउथे तर अहिले छोरा ठ्लाठ्ला भएको र म प्रानो भएको कारणले गर्दा थोरै तिनो कुरा बोल्नसक्ने भएको छु । परिवार नियोजनको साधन प्रयोग गर्ने सल्लाह मेरो श्रीमान्ले नै दिनुभएको हो र उहाँले नै स्थायी परिवार नियोजनको साधन प्रयोग गर्नुभएको छ । म देख्छुकी मेरोवरपरका दिदीबहिनीहरू रोजगारीमा सम्लग्न छन् र शिक्षीत छन् उनीहरूले घरायसी निर्णय आफै गर्ने गर्दछन् तर म निरक्षर भएको कारणलेनै गर्दा होला मेरोनिर्णय अधिकार छैन् । मेरो सासु, ससुरा पनि हुनुभएकोकारणले गर्दा मेरो नाममा जग्गा जमिन पनि छैन र मेरो श्रीमान्को नाममा पनि छैन ।

**५. कान्छी नेपाली**

म कान्छी नेपाली अहिले ४६ बर्षकी भएँ । मेरो घरमा जम्मा २ जना  सदस्य छौ । मेरो छोरा र म ,मेरो श्रीमान्को मृत्यु भएको ८ बर्ष भइसक्यो । मेरो छोरा अहिले १८ बर्षको छ । उसले एस्.एल्.सी पास गरेको छ । मेरो श्रीमान् छदा घरको सम्प्र्ण निर्णय उहाँलेनै र्गनुहुन्थ्यो तर उहाँको मृत्यु पश्चात त्यसको जिम्मेवारी मेरो हातमा आयो । म निरक्षेर छु जसको कारण मलाई राम्रोसँग हिसाब किताब र्गन आउदैन जसलाई मेरो छोराले सहयोग र्गदछ । मेरो नाममा थोरै जग्गा जमिन छ जसले हामीलाई बर्षभरि खान्न पुग्दैन जसले गर्दा म अरुको काम गर्ने गर्दछु र आर्थिक संकलन गर्दछु । जे होस् श्रीमान्को मृत्यु पश्चात महिलेनै घरका सम्प्र्ण निर्णयहरू गर्नुर्पने भएकोले सम्प्र्ण निर्णय म आफैले गर्दछु ।  जसले गर्दा मेरो निर्णय गर्ने क्षमता वृद्धि भएको छ । खेतीपातीमा के लगाउने र घरमा पशुपालन कुन पाल्ने र कसरी पाल्ने भन्ने कुराको सम्प्र्ण निर्णय म आफैले गर्ने गर्दछु ।

# cWofo – kf“r

## सारांश र निष्कर्ष

### ५.१ सारांश

विगत केही दशक यतादेखि महिलाहरूको उत्थान सम्बन्धी चर्चा परिचर्चाले व्यापकता पाउँदै आएको छ । विश्वभरि नै अहिले महिलालाई समान स्तर दिने धारणा देखा परेको छ । महिला स्वतन्त्रता, समानता र महिला सशक्तिकरणका लागि राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा नै भएका प्रयाहरू अवश्य पनि उत्साहवर्द्धक एवं उल्लखनीय छ । लामो समयदेखि नै संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरू महिलालाई पुरूष सरह सबै क्षेत्रमा समान अवसरहरू उपलब्ध गराउने विषयमा चिन्तनशील एवं प्रयासरत छन् तापनि विश्वको प्रायः जसो मुलुकहरूमा महिला र पुरूष बीच धेरै विभेद रहेको पाइन्छ । नेपाल पनि संयुक्त राष्ट्र संघको आव्हानमा भए गरेका क्रियाकलापहरूमा संलग्न हुँदै आएको छ । त्यस्तै नेपाल अधिराज्यको अन्तरिम संविधान २०६३ ले समानताको प्रत्याभूति गरेको र सो अनुरूप लेङ्गिक समानतालाई सुनिश्चित गर्न राज्यले आफ्नो प्रतिबद्धता देखाएको छ तापनि त्यस्ता प्रतिवद्धताको कार्यान्वयन पक्षमा देखिएका कमजोरीहरूले गर्दा महिलाहरूले आफ्नो कानुनी हक तथा अधिकारको उपभोग गर्नबाट वञ्चित हुनु परेको छ । फलस्वरूप महिला र पुरूष बीच व्यापक अन्तर रहेको छ । नेपालमा लैङ्गिक विभेद हरेक क्षेत्रमा विद्यमान छ । देशको जनसङ्ख्याको आधा हिस्सा ओगटेका नेपाली महिलाहरूको पहुँच स्वास्थ्य, शिक्षा, राजनीति, प्रशासन, संचार, न्याय, प्रविधि, नीति निर्णय गर्ने तह आदि सबै क्षेत्रमा नै असमान र न्यून रहेको हुँदा राष्ट्र विकासको अभियानहरूमा अग्रगति दिन महिलाहरू चुकेका छन् । नेपाली महिलाहरूको जीवनस्तर अन्य विकसित मुलुक तथा दक्षिण एसियाली मुलुकका महिलाहरूको भन्दा निम्न स्तरको रहेको छ । जातीय तथा क्षेत्रीय विविधता, सांस्कृतिक प्रभाव, भौगोलिक विषमता आदिका कारण महिलाहरू बीच पनि आर्थिक, सामाजिक स्थितिमा व्यापक अन्तर रहेको पाइन्छ ।

महिला र पुरूष दुवै समाजका समान वर्गका हुन्, सृष्टिको निरन्तरताको लागि महिला र पुरूष दुवैको समान महत्व रहन्छ । तैपनि महिला विरुद्धको भेदभादयुक्त कानुनी व्यवस्थाले गर्दा पैतृक सम्पतिमा पुरूषहरूको अधिकारलाई कानुनले मान्यता दिएको छ तर

महिलालाई पुरूष सरह अंशको हकदार मानेको छैन । त्यस्तै ३५ वर्ष उमेर पुगेकी अविवाहित छोरीले मात्र अंशको दावी गर्न सक्ने तुल्याएको छ । आर्थिक स्थितिले नै महिलाहरूको सामाजिक स्तर निर्धारण गर्ने हुँदा समाजमा उनीहरू तल्लो दर्जाको र प्रतिष्ठाविहिन स्तरमा स्थापित रहेका छन् ।

लैङ्गिक समानता र महिला सशक्तिकरणको उद्देश्य हासिल गर्ने महत्वपूर्ण आधार नै शिक्षा हो तर नेपालको राष्ट्रिय साक्षरता दर पुरूषको भन्दा महिलाको धेरै नै कम रहेको छ । यही नै महिला पछ्यौटेपनका अर्को कारण हो । यही चेतनाको अभावमा नेपाली महिलाहरू आफ्नो कानुनी अधिकार उपभोग गर्भबाट वञ्चित भएका छन् ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि नेपाली समाजमा महिलाहरूप्रतिको धारणामा धेरै खुलापन, उदारता र परिवर्तन देखा परेको छ । खार गरेर छोरा र छोरीलाई समान व्यवहार गर्ने र समान अवसर दिने कुरामा समाज धेरै अघि बढेको पाइन्छ । त्यस्तै मानवीय विकास अन्तर्गत समानताको पक्षमा नेपालमा प्रगति हुँदै गरेको पाइन्छ । ग्रामीण क्षेत्रको तुलनामा सहरी क्षेत्रमा लैङ्गिक समानताको विकास बढी भएको पाइन्छ ।

यो अध्ययन नुवाकोट जिल्लाको तुप्चे गा.वि.स. वडा नं. १ का महिलाहरूको निर्णय अधिकार, सामाजिक, आर्थिक स्थिति र भूमिकामा केन्द्रित रहेको छ । यसमा विभिन्न विद्वानहरूद्वारा महिलाहरूका सामाजिक आर्थिक स्थितिका बारेमा गरिएका खोज ग्रन्थहरूलाई अध्ययन गरी उपयुक्त विषयवस्तुलाई पुनरावलोकन गर्ने प्रयास गरिएको छ ।

अध्ययनको लागि वर्णनात्मक र अन्वेषनात्मक अनुसन्धान पद्धति अपनाइएको छ । प्राथमिक तथा द्वितीयक विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्क क्षेत्रगत अध्ययनबाट प्रश्नावली अन्तर्वार्ता विधि अपनाई सङ्कलन गरिएको छ भने द्वितीय तथ्याङ्क विभिन्न लेख, रचना, पत्र, पत्रिका आदिबाट सङ्कलन गरिएको छ । गुणात्मक तथ्याङ्कलाई बढी प्राथमिकता दिइएको छ ।

नुवाकोट जिल्लाको तुप्चे गा.वि.स. वडा नं. १ मा जम्मा २१६ घर धुरी रहेको छन् जसमा ११९२ जनसङ्ख्या रहेका छन् । जस मध्ये ६०५ जना महिला र ५८७ ओटा पुरूष रहेका छन् । त्यस २१६ घरभूमि मध्यका ६०५ जना महिलाहरू मध्य उद्देश्यमूलक नमूना छनोटबाट ४३ जना विवाहित महिलाहरूलाई अध्ययनको लागि छनोट गरिएको थियो । यी

उत्तरदाताहरूलाई अध्ययनको लागि तयार पारेको प्रश्नावली भर्न लगाई तथ्याङ्क सङ्कलन गरिएको थियो । त्यसै मध्ये ५ जनालाई अन्तर्वार्ताका लागि छनोट गरी उनीहरूको घरायसी निर्णय अधिकार, परिवारको स्थिति, निर्णय अधिकारमा भएका समस्या आदिबारे छलफल गरी अध्ययन गरिएको छ । सङ्कलित तथ्याङ्कहरूलाई सम्पादन गर्ने, तालिकाबद्ध गर्ने र क्रमैले विश्लेषण गर्ने कार्य गरिएको छ । तथ्याङ्क विश्लेषण गर्दा संख्यात्मक र गुणात्मक दुवै विधिलाई ग्रहण गरिएको छ ।

अध्ययनमा उत्तरदाताहरूको सामाजिक, आर्थिक स्थितिको विश्लेषण गरिएको छ । छनोटमा परेका उत्तरदाताहरूको सामाजिक, आर्थिक स्थित थाहा पाउन उत्तरदाताहरूको उमेर, धर्म, जात/जाति, मातृभाषा, वैवाहिक स्थिति, परिवारको संरचना, परिवारको आकार, प्रजननदर, घरमूलिको अवस्था, शैक्षिक स्थिति, श्रीमान श्रीमती बीचको निर्णय अधिकार श्रीमानले सहयोग गर्ने स्थिति, आर्थिक तथा पारिवारि निर्णय गर्ने स्थिति, परिवारको पेशागत विवरण, रोजगारीको स्थिति, घर तथा जमीन माथिको स्वामित्वको स्थिति, केटाकेटीको रेखदेख गर्ने स्थिति, निर्णय अधिकार भए नभएको आदि विविध पक्षको अध्ययन गरी त्यहाँ भएका समस्याहरूलाई पहिल्याई प्रकाश पार्ने प्रयास गरिएको छ । संकलित तथ्याङ्कलाई तथ्याङ्कीय पद्धति अनुसार विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनबाट के प्रष्ट हुन्छ भने ग्रामीण क्षेत्रका महिलाहरूको निर्णय अधिकार सहरी क्षेत्रको महिलाको तुलनामा कम भएको पाइन्छ । उत्तरदाताहरूलाई उमेर अनुसार वर्गीकरण गरिएको छ । उत्तरदाताहरू विभिन्न उमेर समूहका रहेका छन् । २० वर्षभन्दा माथिका विवाहित उत्तरदाताहरूलाई ५/५ वर्षको फरकमा वर्गीकरण गर्दा सबैभन्दा बढी २६ देखि ३० वर्ष र ४६ देखि ५० वर्ष उमेर समूहका २३ प्रतिशत, ४१ देखि ४५ वर्ष उमेर समूहका २१ प्रतिशत छन् भन्ने सबैभन्दा कम उत्तरदाता २० देखि २५ वर्षसमूहका २ प्रतिशत रहेका छन् । यस प्रकार २६ देखि ३० र ४६ देखि ५० वर्षका उत्तरदाताहरू बढी हुनुको कारण त्यस समुदायमा २५ वर्ष भन्दा बढी उमेरमा विवाह गर्ने रहेको पाइयो । अध्ययन क्षेत्र ग्रामीण क्षेत्र भएको हुँदा निर्णय अधिकारमा पूर्ण रूपमा महिला माथि अधिकार नरहेको पाइयो । अध्ययन गरिएको क्षेत्र ब्राम्हण समाज भएकोले ब्राम्हण जातिका महिलाहरूलाई आर्थिकदेखि निर्णय अधिकारमा समेत अधिकार नरहेको पाइन्छ । ब्राम्हण जातिमा महिलाहरूको निर्णय अधिकार अन्य जातिका महिलाहरूको तुलनामा अत्यन्त न्यून

हुन्छ । नेपाल हिन्दु राष्ट्र भएकोले अन्य धर्महरूको तुलनामा हिन्दुको संख्या बढी पाइन्छ । त्यसमा पनि यस क्षेत्र ग्रामीण क्षेत्र भएको हुनाले यहाँ बसोबास गर्ने मानिसहरू बढी हिन्दु धर्म अपनाउँछन् । धर्मको हकमा ८८ प्रतशित हिन्दु रहेको वर्तमान नेपाली समाजमा हिन्दु धर्म अपनाउने उत्तरदाताहरूको संख्या अत्यधिक ८८ प्रतिशत रहेको छ । पारिवारिक स्वरूपका आधारमा उत्तरदाताको स्थिति अध्ययन गर्दा प्रायः जसो ६ प्रतिशत उत्तरदाताहरू संयुक्त परिवारमा बस्ने गरेबाट उत्तरदाताहरू बढी आर्थिक रूपले परिवारमा नै आश्रित रहेको र २६-३० वर्ष उमेर समूहका उत्तरदाताहरू बढी भएको हुनाले परिवारको स्वरूप संयुक्त भएको पाइन्छ । उत्तरदाताहरू ग्रामीण क्षेत्रमा भईकन पनि स्वास्थ्य शिक्षा र प्रजनन् सम्बन्धी शिक्षा पाएकै कारणले प्रजनन् दर कम रहेको र परिवार संयुक्त भएको परिवारको आकार ठूलो रहेको पाइयो । श्रीमान र श्रीमती बीचको आपसी सम्बन्ध र समझदारी बढेको, घरायसी काममा एकले अर्कालाई सहयोग गर्ने पारिवारिक तथा आर्थिक निर्णय पुरूषले बढी सल्लाह गर्ने हुँदा निर्णय अधिकारमा महिलाको भन्दा पुरूषको बढी अधिकार रहेको छ । उत्तरदाताहरूको शैक्षिक स्थिति न्यून रहेको, आय आर्जन हुने काममा सरिक नभएको हुनाले महिलाहरूको आर्थिकदेखि निर्णय स्तर समेत कम रहेको पाइन्छ ।

उत्तरदाताहरू मध्ये अधिकांश उत्तरदाताहरूको समस्या भू-स्वामित्यमा अधिकार नरहनु हो । जहाँ उनीहरूको नाममा सामान्य एक टुक्रा जमिन नहुनु र उनीहरूले आफ्नो सम्पूर्ण जीवन त्यहाँ बिताउनु पर्नु तर उनीहरूको कार्यको आर्थिक मूल्याङ्कन नहुन मुख्य समस्या हो । यही समस्याले गर्दा उत्तरदातहरूले बढी समय काम गर्नुपर्ने भएकोले उनीहरूमा कामको भार बढी हुन्छ । यस बाहेक अन्य समस्याहरूमा आर्थिक मूल्याङ्कन नहुनु, दैनिक बढी घन्टा काम गर्नुपर्ने, जुनसुकै बेला पनि अरुको सेवामा रहनु पर्ने आदि उत्तरदाताहरूका समस्या भएको पाइन्छ ।

## ५.२ निष्कर्ष

तुलनात्मक रूपमा विगतका दशकहरूमाभन्दा महिलाको शैक्षिकदेखि निर्णय अधिकारप्रति व्यक्ति आय जस्ता परिसूचकहरूमा वृद्धि भएको र महिलाहरूको स्थितिमा प्रगति भएको छ । वर्तमान नेपाली महिलाहरू आधुनिकता तथा विकासतिर  उन्मुख रहेका छन् तापनि देशको आधा जनसङ्ख्या ओगटेका यी महिलाहरू विकासको मूल प्रवाहमा समान रूपले सहभागी र सहयात्री भई पुरूष सरह अघि बढ्न सकिरहेका छैनन् । देशको

सर्वाङ्गिण विकास अभियानले तब नै पूर्णता पाउन सक्छ जब देशको आधा जनसङ्ख्या महिलाहरूलाई समान रूपमा सरिक गराइन्छ ।

पितृसत्तात्मक सामाजिक संरचनाका कारण नेपालमा छोरा र छोरी बीच लिङ्गभेद विद्यमान रहेको छ । आफ्नै घरभित्र नै छोरीलाई अर्काको घर जाने ठानी परिवारमा अस्थाई सदस्यको रूपमा हेर्ने परम्परा भएको नेपाली समाजमा महिलाहरूको शैक्षिक स्थिति वृद्धि गरी रोजगारीको अवसरहरू उपलब्ध गराउनु र लैङ्गिक असमानतालाई हटाउनु पर्ने कुरामा जोड दिनु यस अध्ययनको निचोड हो ।

प्रस्तुत शोधपत्र नुवाकोट जिल्लाको तुप्चे वडा नं. १ का महिलाहरूको निर्णय अधिकारका बारे अध्ययन गरी प्रकाशन पार्ने सिलसिलामा तयार पारिएको हो । यस अनुसन्धानमा २६-३० वर्ष, ४६-५० वर्ष उमेर गरेका ब्राम्हण जातिका, हिन्दु धर्म मान्ने, संयुक्त परिवारमा बस्ने विवाहित उत्तरदाताको बाहुल्य रहेको छ । ब्राम्हण समाज भएकै कारणले गर्दा महिलाहरूको निर्णय अधिकार कम रहेको पाइन्छ । तर क्रमशः समय परिवर्तन सँगै थोरै मात्रामा महिलाहरू अघि बढेको पाइन्छ । जसको मुख्य कारण शिक्षा नै हो र रुढीवादी परम्परामा परिवर्तन पनि हो ।

निर्णय अधिकारमा महिलाको भूमिका अत्यन्तै न्यून छ । कानुनी रूपमा महिला समानता र सशक्तिकरणको कुरा गरे पनि व्यवहारिक रूपमा त्यसको पूर्ण पालना नभएको पाइन्छ । जसले गर्दा महिलाले तेस्रो दर्जाको नागरिकको रूपमा जीवन बिताउन परेको छ ।

समाजमा व्याप्त कुप्रथा तथा अन्धविश्वासका कारण नेपाली महिलाहरू पछि परेका छन् । यस्ता रुढिवादी परम्परालाई हटाउने बलियो माध्यम शिक्षा र निर्णय अधिकार नै भएकोले महिलाहरूलाई बढी भन्दा बढी शिक्षित बनाउने र निर्णय गर्ने अधिकारमा सरिक गराउनु आजको आवश्यकता हो ।

निरक्षर महिलाहरू भन्दा शिक्षित महिलाहरूको निर्णय अधिकारमा बढी हात रहेको छ र शिक्षित महिलाहरूसँग निर्णय गर्न सक्ने क्षमता पनि देखिन्छ । त्यसै गरेर विवाह गरेको बढी समय भएका र बच्चाबच्ची भएको महिलाहरूको निर्णय अधिकार रहेको छ । निर्णय अधिकारमा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक पक्षले पनि प्रभाव पारेको देखिन्छ ।

यहाँ बढी मात्रामा हिन्दु धर्म मान्ने समुदाय रहेको र बढी मात्रामा ब्राम्हण जातिको बसोबास भएकोले निर्णय अधिकारमा महिलाको भूमिका न्यून रहेको पाइन्छ ।

शिक्षित महिलाहरूको निर्णय अधिकारमा हात रहेको पाइन्छ । शिक्षित र रोजगार महिलाहरूले निर्णय गर्न सक्दछन् । अशिक्षित महिलाहरूको निर्णय अधिकारमा कम मात्र भूमिका रहेको पाइन्छ । ग्रामीण समाज भएकोले विवाह भएको धेरै समय भएका र बालबच्चा भइसकेका धेरै उमेर भएका  महिलाहरूको निर्णय अधिकार रहेको पाइन्छ । निर्णय अधिकारमा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक पक्षले पनि प्रभाव पारेको देखिन्छ । यहाँ बढी मात्रामा हिन्दु धर्म मान्ने समुदाय रहेको र बढी मात्रामा ब्राम्हण जातिको बसोबास भएकोले निर्णय अधिकारमा महिलाको न्यून भूमिका रहेको पाइन्छ ।

# सन्दर्भ सामाग्री


महिला र कानुन विकास मञ्च, (२०६१) महिलाको आर्थिक र कानूनी अधिकार, थापाथली, काठमाडौं ।

पौड्याल, विणा (२०१०) विविध आयाममा नेपाली महिला, पैरवी बुक हाउस काठमाडौं ।

प्रश्रित, मोदनाथ (२०४९) नेपालमा छोरी प्रतिको सामाजिक अवधारणाहरू, काठमाडौं ।

मिश्र, चैतन्य (२०६३) पूँजीवाद र नेपाल, मूल्याङ्कन प्रकाशन गृह. प्रा.लि. टेकू काठमाडौं ।

भासीन, कमला (१९९५) पितृसत्ता के हो ? स्त्री शक्ति कमलादी, काठमाडौं ।

भासीन, कमला (२०१२) आखिर यो जेण्डर के हो त? स्त्री शक्ति, लाजिम्पाट, काठमाडौं ।

श्रेष्ठ, केशवकुमार (२०६०) लैङ्गीक अध्ययन, एकेडेमीक बुक सेन्टर कीर्तिपुर काठमाडौं ।

सुवेदी, प्रतिभा (२०५९) महिला पुरुष समविकासको आधार, लुष प्रेस नयाँ बानेश्वर काठमाडौं ।

सुवेदी, प्रतिभा (२०६८) महिलामुखी बजेटको प्रसङ्ग गोरखापत्र (२०६८: ०७) साउन १७ गते ।

संचारिका समूह नेपाल, (२००१) एकान्तकुना, काठमाडौं ।

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, (२००१) मानव विकास प्रतिवेदन, काठमाडौं, नेपाल ।

Acharya, Meena (2003) *Changing Gender Status Achievements and Challenges in Population Monograph of Nepal.* CBS. Kathamandu, Nepal.

Agarwal, Bina (2001) *Bargaining and Gener Relations Within and beyond the household*, Institute of Economic Growth, University of Delhi.

Bennet, Lynn (2010) *Dangerous Wives and Sacred Sister. Social and Symbolic Role of High Caste Women in Nepal*. Mandala Book Point.

Bhadra, Chandra (2007) General Situation of Women in Nepal, Country Gender Profile. SAARC Poverty Reduction in South Asia through Productive Employment, 2007 Kathmandu, SAARC Secretariat.

Central Bureau of Statistics, *National Population and Housing Census 2011/12*: Central Bureau of Statistis, Kathmandu. Nepal.

CWIN, (1999) *Women's participation for overall development*, Child Workers in Nepal (CWIN) Resources and information Centre, Kathmandu Nepal.

Dhungel, Basundhara (1981) *Labour Participation and Fertility of Rural Women in Nepal.* Pustakalayan.org/eserv. Php

FAO, (2001) *Facts and Figures: Rural Women and the Millennium Development Goals.* Kathmandu Nepal.

Khanal, Maya Devi (1999) *Situation of Rural Women, Women and Nature*. CWIN Resources and Information Centre. Kathmandu, Nepal.

Pokhrel, Ranjan (2002) *Status of Rural Women*. Child Workers in Nepal (CWIN) Resource and Information Centre. Kathmandu Nepal.

Sing, Uday (2002) *Marriage and Nepalese Women*. Child Workers in Nepal (CWIN) Resource and Information Centre, Kathamndu Nepal.

USAID, (1981) *Situation of Nepalies Women*, Kathmandu, Nepal.

# अनुसूची

# तुप्चे गा.वि.स. वडा नं. १ को घरायसी निर्णय अधिकारमा

# महिलाको भूमिका अध्ययनको

# प्रश्नावली

<u>व्यक्तिगत विवरण</u>

१. नाम :-

२. लिङ्ग:-

३. उमेर :-

४. जातजाति :-

५. धर्म :-

६. वैवाहिक स्थिति :-
क.विवाहित ख.विधवा ग.पारपाचुके घ.छुटिएर बसेको

७. पारिवारिक बनौटः-
क.संयुक्त परिवार ख.एकल परिवार

८. परिवारको सदस्य संख्या
क.जम्मा संख्या.................. ख.महिला संख्या.............. ग.पुरुष संख्या.................

९. उत्तरदाताको पारिवारिक संरचना :-

| क.सं. | नाम | घरमुलीसँगको नाता | उमेर | लिङ्ग | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

१०. तपाईले मागि वा भागि कुन विवाह गर्नु भयो ?
क. मागि ख. प्रेम ग.भागि घ.अन्य

११. यदि मागि विवाहभए स्वइच्छा की बाबुआमाको करकापमा परेर विवाह गर्नुभयो ?
क. स्वइच्छा ख. करकाप

१२. तपाईको विवाह गर्दाको उमेर कति थियो ?
...........................................................................

१३. विवाह गरेको कति बर्ष भयो ?
.......................................................

१४. केटाकेटीको संख्या

क. जम्मा.....................  ख.छोरा........................

ग.छोरी..............................

१५. तपाईले बच्चा इच्छा की कसैको करकापमा परेर जन्माउनु भयो ?

क.इच्छा  ख. करकापमा  ग.आकस्मिक

१६. बच्चा कति समय पछि जन्माउने भन्ने कुरा दुबैको सरसल्लाहमा की करकापमा ?

क.दुबैको सल्लाहमा  ख. करकापमा  ग.थाहै नपाइ

१७. अर्को बच्चा जन्माउने इच्छा छ की छैन ?

क. छ  ख.छैन

१८. परिवार नियोजनका कुनै साधनको प्रयोग गर्नु भएको छ?

क. छ  ख. छैन

१९. कुन साधनको प्रयोग गर्नुभएको छ ?

क. अस्थायी  ख. स्थायी

२०. कसले परिवार नियोजनको साधन प्रयोग गर्नुभएको छ ?

क. पुरुष  ख. महिला

२१. परिवार नियोजनको साधन प्रयोग गर्ने कुरा पहिला कसले निर्णय गर्नुभयो ?

क. पुरुष  ख. महिला

२२. बालबच्चा बिरामी परेमा अस्पताल लाने वा औषधी किन्ने कसले गर्नुहुन्छ ?

क. पुरुष  ख. महिला  ग. दुबै

२३. बच्चाको शिक्षामा बढि समय कसले बिताउनु हुन्छ ?

क. पुरुष  ख. महिला  ग. दुबै

२४. बच्चालाई कुन विद्यालयमा  पढाउने भन्ने निणर्य कसले गर्नुहुन्छ ?

क. पुरुष  ख. महिला  ग. दुबै

२५. तपाईले विवाह पछि आपनो पढाइ अगि बढाउनु भयो की भएन ?

क. बढाए  ख. बढाइन

२६. के कारणले :-

क. व्यक्तिगत  ख. पारिवारीक

२७. उत्तरदात्ताको पारिवारीक शैक्षिक अवस्थाः-

| क्र.सं | शिक्षा | महिला | पुरुष | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| | | | | | |

२८. घरायसी कामकाज वा खानाको लागि आवश्यक सामान कुन कुन किन्ने भन्ने कुरा कसले निर्णय गर्नुहुन्छ ?
क. पुरुष ख. महिला ग. दुबै

२९. परिवारका सदस्य कोहि आर्थिक उपार्जनमा लाग्नु भएको छ ?
क. छ ख.छैन

३०. आर्थिक उपार्जनमा को संमलग्न हुनुहुन्छ ?
क. पुरुष ख. महिला ग. दुबै

३१. आर्थिक उपार्जनका लागि कुन पेशा अवलम्वन गर्नु भएको छ ?
क. कृषि ख. नोकरी ग. व्यापार घ. अन्य

३२. समय अनुसारको अन्न कुन लगाउने भन्ने कुरा कसले निर्णय गर्नुहुन्छ ?
क. पुरुष ख. महिला ग. दुबै

३३. घरमा पशुहरु पाल्ने वा नपाल्ने निर्णय कसले गर्नुहुन्छ ?
क. पुरुष ख. महिला ग. दुबै

३४. घरजग्गा कसको नाममा छ ?
क. पुरुष ख. महिला ग. दुबै

३५. महिलाको नाममा घरजग्गा छ भने कति छ ?
क. १ रोपनी भन्दा कम ख. १ रोपनी देखि ३ रोपनी सम्म
ग. ४ रोपनी देखि ६ रोपनी सम्म घ. ६ रोपनी भन्दा बढी

३६. घरभित्रको खाना पकाउने,कपडा धुने काम कसले गर्नुहुन्छ ?
क. पुरुष ख. महिला ग. दुबै

३७. बालबच्चाको बिवाहको सम्बन्धमा कसले निर्णय गर्नुहुन्छ ?
क. पुरुष ख. महिला ग. दुबै